का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ माघ २०८२
बिहीबार
22 January 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-


# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक ३४३। पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# स्वतन्त्रको लहर

निर्वाचन आयोगका अनुसार ३ हजार ३ सय ८७ जना उम्मेदवार छन् । त्यसमध्ये १ हजार १ सय ८९ जना स्वतन्त्र उम्मेदवार छन् । यो प्रतिशतका हिसाबले स्वतन्त्र उम्मेदवारको संख्या ३४ दशमलव ०९ प्रतिशत हो ।






**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ माघ

यस पटकको निर्वाचनमा एक तिहाइ स्वतन्त्र उम्मेदवार रहेका छन् । २ सय ७५ सदस्यीय प्रतिनिधि सभामा समानुपातिकतर्फबाट १ सय १० जना र प्रत्यक्षतर्फबाट १ सय ६५ जना प्रत्यक्ष निर्वाचित हुन्छन् । प्रत्यक्षतर्फ ३ हजार ४ सय ८७ र समानुपातिकतर्फ ३ हजार २ सय १३ जनाले उम्मेदवारी दिएका छन् । यसरी उम्मेदवारी दिनेमध्ये प्रत्यक्षतर्फ स्वतन्त्र उम्मेदवारी दिनेको संख्या एक तिहाइ रहेको छ ।

निर्वाचन आयोगका अनुसार ३ हजार ३ सय ८७ जना उम्मेदवार छन् । त्यसमध्ये १ हजार १ सय ८९ जना स्वतन्त्र उम्मेदवार छन् । यो प्रतिशतका हिसाबले स्वतन्त्र उम्मेदवारको संख्या ३४.०९ प्रतिशत हो । बाँकी २ हजार २ सय ९८ दलीय उम्मेदवार छन् । दलीय उम्मेदवारको संख्या प्रतिशतका हिसाबले ६५ दशमलव ९० छ ।

विगतमा पनि स्वतन्त्र उम्मेदवार रहने गरेका छन् । २०७९ को निर्वाचनमा स्वतन्त्र नाम गरेको दल नै निर्वाचनमा सहभागी भएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टी नै गठन गरेर वैकल्पिक राजनीतिको वकालत गरिरहेकाहरू चुनावमा होमिएका थिए । २१ सिट ल्याएर यो पार्टी विघटित प्रतिनिधि सभामा चौथो शक्तिका रूपमा रहेको थियो । यो पार्टी यसपटक पनि चुनावी मैदानमा छ ।

२०७९ को निर्वाचनमा मधेशबाट सिके राउत नेतृत्वको जनमत पार्टी उदाएको थियो । नागरिक उन्मुक्ति पार्टी (नाउपा) पनि गत चुनावबाट उदाएको दल हो । यी दुवै दल पनि चुनावी मैदानमा छन् ।

सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रहेका महावीर पुन नै मन्त्रिपरिषद्बाट राजीनामा दिएर स्वतन्त्र उम्मेदवार बनेका छन् । मनोनयन दर्ताको दिन बिहान मन्त्री पदबाट राजीनामा दिए । म्याग्दी गएर प्रतिनिधि सभा सदस्यमा स्वतन्त्र उम्मेदवारी दिए । त्यसपछि पत्रकारहरूसँग कुरा गर्दै उनले भनेका छन्, 'कुनै पार्टीको पुच्छर बन्न चाहन्नँ । पुरानोले सकेनन्, ढंग ल्याएन । अब नयाँले ल्याउँछ कि भनेको हो ।' ३५ वर्षसम्म पनि पुराना पार्टीले ढंग नल्याएपछि स्वतन्त्र उम्मेदवार »» पृष्ठ २ मा

## जो बागी उम्मेदवार बने

स्वतन्त्र उम्मेदवारी दिनेहरूमा आफू आबद्ध दलबाट टिकट नपाएपछि बागी उम्मेदवारी दिनेहरू पनि छन् ।

नेपाली कम्युनिस्ट पार्टीले सिन्धुलीमा लेखनाथ दाहाल 'राजन'लाई टिकट दिएको थियो । नेकपाबाट उम्मेदवारका आकांक्षी अर्का नेता महेश्वर दाहालले टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

सिन्धुली-२ मा पार्टीका उम्मेदवार लेखनाथ दाहालविरुद्ध केन्द्रीय सदस्य तथा प्रेस सेन्टर नेपालका संस्थापक अध्यक्ष महेश्वर दाहालले बागी उम्मेदवारी दिएका हुन् ।

यो क्षेत्रमा दुवै दाहालबीच पहिलेदेखि नै चर्को द्वन्द्व थियो । महेश्वरको उम्मेदवारी परेपछि नेता/कार्यकर्ताहरू दुईतिर लागेका छन् । साबिक माओवादी केन्द्रका उपमहासचिव हरिभक्त गजुरेलले पनि महेश्वरलाई समर्थन गरेका छन् । गजुरेल २०७९ सालमै टिकट नपाएपछि असन्तुष्ट थिए । यो क्षेत्रमा २०६४ देखि माओवादीले जित्दै आएको छ । अघिल्लो निर्वाचनमा लेखनाथ कांग्रेस-माओवादी गठबन्धनका साझा उम्मेदवार बनेर जितेका थिए ।

कालीकोटमा नेपाली कांग्रेसबाट नेता भूपेन्द्रजंग शाही उम्मेदवारका आकांक्षी दिए । तर पार्टीले हर्षबहादुर बमलाई टिकट दियो । पार्टीले टिकट नदिएपछि शाहीले स्वतन्त्र उम्मेदवारी दर्ता गरे । २०७० सालको संविधान सभा निर्वाचन र २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा टिकट पाएका शाहीले यसपटक टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारी दिएका हुन् ।



कालीकोटमै नेकपाका नेता जीवन बुढाले स्वतन्त्र उम्मेदवारी दिएका छन् । पार्टीबाट उम्मेदवारका दाबेदारी रहेका बुढाले टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारी दिएका हुन् । कालीकोटमा नेकपाका आधिकारिक उम्मेदवार महेन्द्रबहादुर शाही रहेका छन् । यस क्षेत्रबाट सधैं पूर्वमुख्यमन्त्री महेन्द्रबहादुर शाही मात्र उम्मेदवार बनेको भन्दै नेता जीवन बुढाले बागी उम्मेदवारी दिएका हुन् ।

दाङ निर्वाचन क्षेत्र नम्बर १ मा पनि नेकपाको असन्तुष्ट पक्षबाट बागी उम्मेदवारी परेको छ । यस क्षेत्राट पूर्वमुख्यमन्त्री कुलप्रसाद केसी सोनाम आकांक्षी थिए । पार्टीले टिकट नदिएपछि स्वतन्त्र उम्मेदवारी दिएका हुन् । नेकपाको आधिकारिक उम्मेदवारका रूपमा भने मेटमणि चौधरी रहेका छन् । अघिल्लो निर्वाचनमा पनि चौधरीले यही क्षेत्रबाट चुनाव जितेका थिए ।

पर्सा निर्वाचन क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसको तर्फबाट टिकटका आकांक्षी रहेका राजेश्वरप्रसाद साहले पनि पार्टीले टिकट नदिएपछि स्वतन्त्र उम्मेदवारी »» पृष्ठ २ मा



*नाम : रक्षाकुमारी यादव*
*उमेर : २० वर्ष*
*पद : प्रधानाध्यापक*
*ठेगाना : सरस्वती आधारभूत विद्यालय बबई–७ जलजला, दाङ*

# २० वर्षमै प्रधानाध्यापक

**सपना बोहरा/मध्यान्ह दैनिक**
काठमाडौं, ७ माघ

झट्ट सुन्दा धेरैलाई अनौठो लाग्न सक्छ । तर दाङको देउखुरीस्थित राजपुर गाउँपालिका-३ भैरहवाकी रक्षाकुमारी यादवले २० वर्षमै सरकारी विद्यालयको प्रधानाध्यापक बनेर धेरैलाई प्रेरणा दिइरहेकी छिन् । यादव समुदायमा अझै पनि छोरीहरूलाई उच्च तहको शिक्षा दिने चलन छैन । सामान्य शिक्षा दिएर सानै उमेरमा विवाह गरिदिने चलन अहिले पनि गाउँघरमा कायमै छ । तर रक्षाकुमारी भने त्यो चलनलाई तोड्दै विद्यालयको प्रधानाध्यापक बन्न सफल भएकी हुन् ।

छोरीलाई पढाएर के हुन्छ ? भन्ने यादव समुदायकी छोरी उदाहरणीय पात्र बनेकी छन् । 'म पढ्छु चाँडै विवाह गर्दिनँ भनेर बुबाआमालाई सम्झाएँ, उहाँहरू मान्नुभयो,' उनले मध्यान्हसँग भनिन्, 'मैले अहिले छोरीलाई पढाउँदा के हुन्छ भन्ने जवाफ दिइरहेको छु ।'

उनले दाङको बबई गाउँपालिका-७ जलजलास्थित सरस्वती आधारभूत विद्यालयमा प्रधानाध्यापकका रूपमा कार्यरत छिन् । लगनशीलता, दृढता र कार्यक्षमताले प्रधानाध्यापक बन्न सफल भएको उनी बताउँछिन् । 'विशेषगरी यादव समुदायका छोरीहरूलाई सानै उमेरमा बिहे गरिदिने चलन छ,' उनले भनिन्, 'समाजमा रहेका गलत संस्कृति हटाउने हो, पढ्दै पढाउँदै गर्ने हो ।'

बालबालिकालाई गुणस्तर »» पृष्ठ २ मा

## स्तन क्यान्सरका लक्षण

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो खस्रो हुनु,
- स्तनको मुन्टो भित्र जानु,
- स्तनको मुन्टोबाट रगत वा पिप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,
- यस्ता कुनै पनि लक्षण देखिए चिकित्सकसँग तुरुन्तै परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**वैदेशिक रोजगार विशेष**

## आकर्षण र लाल धनुषले शून्य लागतमा मलेसियाको विस्ट्रोन टेक्नोलोजीमा ८ सय कामदार पठाउँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ माघ

नेपालका दुई प्रमुख म्यानपावर कम्पनी आकर्षण इन्टरनेसनल प्रालि र लाल धनुष इन्टरनेसनल सर्भिसेस प्रालिले शून्य लागत (जिरो कस्ट) मा ८ सय कामदार पठाउँदैछन् । दुई म्यानपावर कम्पनीले मलेसियाको विस्ट्रोन




टेक्नोलोजी मलेसिया एसडिएन बिएचडी कम्पनीमा चार सय जनाका दरले कामदार पठाउने छन् । बुधबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा आकर्षण »» पृष्ठ २ मा

## कुवेतमा वैदेशिक रोजगारीको अवसर

कम्पनी: BADER CONSTRUCTION GROUP FOR GENERAL TRADING & CONTRACTING शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०८/२५ चलानी नं.: ६०२४८७२८ L.T. No.: 335117 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 90 | 0 | सम्बन्धित काममा दक्ष | 115 | ५४,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason. | 90 | 0 | | 115 | ५४,६४८ | | | | | | | |
| 3. | Outdoor Labours | 90 | 0 | | 95 | ४५,१४४ | | | | | | | |
| 4. | Steel Fixers | 90 | 0 | | 120 | ५७,०२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १५ गते (29 January 2026) मा हुनेछ ।
अन्तर्वार्ता जेआइटी ट्रेनिङ सेन्टर जनकपुरमा २०८२ माघ १६ गते (30 January 2026) मा हुनेछ ।
अन्तर्वार्ता गजराज ट्रेनिङ सेन्टर नेपालगञ्जमा २०८२ माघ १७ गते (31 January 2026) मा हुनेछ ।

साथै यस कम्पनीको लागि Chinese Translator को आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिहरूले नि:शुल्क परामर्शको लागि कार्यालयमा सर्म्पक गर्नु होला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Bridge Sky International Pvt. Ltd. Gov Lic No: 573/062/063
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोबाईल : ९८०१०३०५५५ फोन नं. ४९५३३२१, ४९५४९७१, ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# प्रेस काउन्सिलद्वारा निर्वाचन लक्षित विशेष अनुगमन सुरु

**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालले सञ्चार माध्यम तथा सञ्चार माध्यमका सामाजिक सञ्जालमार्फत सम्प्रेषण भएका सामग्रीहरूमाथि प्राप्त हुने उजुरी तथा जनगुनासाको सुनुवाइ गर्दै नियमित अनुगमन गरिरहेको जनाएको छ ।

काउन्सिलका अनुसार आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म १ सय ६३ वटा उजुरी दर्ता भएका छन् । दर्ता भएका उजुरीमध्ये पत्रकार आचारसंहिताको प्रक्रियाअनुसार पत्राचार गरिएपछि ७७ वटा खण्डन सम्प्रेषण, ५२ वटा उजुरीमा पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी, १४ वटा क्षमायाचना तथा भुलसुधार, ५ वटा सामग्री स्थगन, १० वटालाई स्पष्टीकरण सोधिएको र ५ वटालाई निर्देशन तथा सचेत गराइएको काउन्सिलले जनाएको छ । यस अवधिमा एक सञ्चार माध्यमलाई अवज्ञाकारी ठहर गर्दै कालोसूचीमा राखी कारबाही गरिएको छ।

यसै अवधिमा काउन्सिलले ६ सय ३२ वटा मिडिया, वेबपोर्टल तथा सामाजिक सञ्जालका ७ सय ४४ सामग्री स्वअनुगमन गरेको जनाएको छ। तीमध्ये ४ सय ४७ वटा मिडिया र १ सय ८५ वटा गैरमिडिया सामग्री रहेका छन् ।

आचारसंहिता उल्लङ्घनको गम्भीरताका आधारमा १ सय ३६ वटा मिडिया र २७ वटा गैरमिडियालाई निर्देशन तथा सचेत गराइएको छ भने सम्पर्क नखुलेका २० वटा गैरमिडियामाथि अनुसन्धान गरी कारबाहीका लागि सम्बन्धित निकायमा पत्राचार गरिएको काउन्सिलले जानकारी दिएको छ।यही २०८२ माघ ११ गते राष्ट्रियसभा सदस्य निर्वाचन र २०८२ फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन हुन गइरहेको सन्दर्भमा २०८२ माघ ४ गते राति १२ बजेदेखि निर्वाचन आचारसंहिता, २०८२ लागू भइसकेको छ । सोहीअनुसार काउन्सिलले पत्रकार आचारसंहितासँगै निर्वाचन आचारसंहिता पालना भए-नभएको विषयमा विशेष अनुगमन प्रक्रिया सुरु गरेको जनाएको छ । काउन्सिलले निर्वाचनका बेला राजनीतिक दल वा उम्मेदवारका बारेमा आधारहीन, अप्रमाणित आरोप, होच्याउने सामग्री, मिथ्या सूचना, दुष्प्रचार, चरित्रहत्या तथा द्वेषपूर्ण अभिव्यक्ति (हेट स्पिच) सम्प्रेषण हुने सम्भावना रहने भन्दै त्यस्ता सामग्रीलाई स्थान नदिन सञ्चार माध्यम र पत्रकारलाई सचेत गराएको छ । त्यस्तै, तथ्य परीक्षण र प्रमाणविना सामग्री प्रकाशन, सामाजिक सञ्जालको दुरुपयोग, उत्तेजक, मिथ्या तथा तोडमरोड गरिएका सामग्री प्रकाशन पत्रकारिताको मूल्य-मान्यताविपरीत तथा गैरकानुनी कार्य भएको उल्लेख गर्दै त्यस्ता गतिविधि नगर्न काउन्सिलले आग्रह गरेको छ।

निर्वाचनको समयमा कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा मत आह्वान गर्ने, एकपक्षीय प्रचारप्रसारलाई प्रश्रय दिने, सामाजिक सञ्जालमा सेयर, स्पोन्सर्ड, कमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग, मेन्सन वा अपिल गर्ने कार्य पत्रकार आचारसंहिता र व्यावसायिक मर्यादाविपरीत हुने भन्दै यस्तो कार्य नगर्न सञ्चार माध्यम, पत्रकार, सञ्चारकर्मी तथा सामाजिक सञ्जाल प्रयोगकर्तालाई काउन्सिलले आग्रह गरेको छ ।

## स्वतन्त्रको...

भएर अगाडि बढेको उनको प्रतिक्रिया छ । विगतका निर्वाचनहरूमा पनि स्वतन्त्र उम्मेदवार थिए । तर स्वतन्त्र उम्मेदवारले चुनाव न्युन संख्याले मात्र रहेका छन्। तथापि स्वतन्त्र उम्मेदवारी दिनेको संख्या घट्नुको संख्या बढ्दो छ ।

काठमाडौं निर्वाचन क्षेन नम्बर ४ मा ८७ वर्षीय पूर्वप्रशासक मदनदेव आचार्यले उम्मेदवारी दिएका छन् । मनोनयन दर्ता गराएपछि पत्रकार हरूसँग कुरा गर्दै आचार्यले भ्रष्टाचार नियन्त्रण तथा सुशासनका लागि उम्मेदवारी दिएको बताए ।

प्रत्यक्षतर्फको मनोनयन यही माघ ६ गते भएको हो । उम्मेदवारको अन्तिम नामावली यही माघ ९ गते प्रकाशित गर्ने निर्वाचन कार्यतालिका छ ।

## जो...

गर्छन् । उम्मेदवारी दर्तापछि उनले पत्रकारहरूसँग भनेका छन्, 'मैले आफ्ना लागि उम्मेदवारी दिएको होइन, युवाहरूका लागि दिएको हुँ । परिर्वतनका लागि मैले उम्मेदवारी दिएको हुँ ।' दिएका छन् । कांग्रेसले पर्सा-२ बाट आधिकारिक रूपमा पूर्वकानुनमन्त्री अजयकुमार चौरसियालाई उम्मेदवार बनाएको छ । स्वतन्त्र उम्मेदवारी दिएका कांग्रेस नेता साह भने आफू चुनाव जित्ने दाबी

## २० वर्षमै...

युक्त शिक्षा दिनु नै अहिले उनको काम बनेको छ । प्रधानाध्यापकका रूपमा उनले विद्यालयमा प्राविधिक शिक्षा, बालमैत्री वातावरण निर्माण तथा गुणस्तर सुधारलाई मुख्य प्राथमिकतामा राखेर अघि बढ्ने बताएकी छन् ।

रक्षाकुमारीको समुदायमै छोरीलाई सानैमा बिहे गरिदिने, नपढाउने प्रचलन थियो । सानैदेखि पढाइमा अब्बल रहेकीले परिवारले उनलाई पढ्न रोकेन। गाउँमा उनको उमेरका धेरै युवाहरूको बिहेबारी भइसकेको छ। तर, उनी विद्यालयको शिक्षा सुधार्ने अभियानमा लागेकी छिन् । 'उमेर होइन, जिम्मेवारी र दृष्टिको महत्व हुन्छ। गाउँका बालबालिकालाई गुणस्तरयुक्त शिक्षा उपलब्ध गराउनु नै मेरो पहिलो लक्ष्य हो,' उनले भनिन्, 'समाजमा रहेका गलत संस्कृति हटाउने हो ।'

उनी प्राधानाध्यापक भएर विद्यालयमा जान थालेपछि उनको समुदायमा छोरीलाई पनि पढाउनुपर्नेरहेछ भन्ने सन्देश गएको उनी बताउँछिन् । उनका बुवाआमा किसान हुन्। उनीसहित चार जना छोराछोरी छन् । सामान्य परिवारकी रक्षालाई कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययनका लागि क्रियटिङ पोसिबिलिटिज नेपाल (सिपी नेपाल)को आर्थिक सहयोग गरेको थियो । कक्षा १२ दिएलगत्तै शिक्षकको लाइसेन्स परीक्षा दिएकी थिइन् उनले । मुख्य विषय अंग्रेजी लिएर पढेकी यादवले त्यही समयमा शिक्षा आयोग उत्तिर्ण गरेपछि २०८० सालको चैत २७ गते बबईमा हाजिर भइन् ।

रक्षाले विद्यालय तहको शिक्षा शंकर मावि राजापुर ३ बाट गरिन् भने ११ र १२ बुद्धज्योति मावि गढवाबाट पूरा गरिन् । त्यसपछि स्नातक तह भने देउखुरी बहुमुखी क्याम्पस लमहीबाट केही दिनअघि मात्रै पूरा गरेकी हुन् । अब एमए पनि अंग्रेजीमै गर्ने उनको योजना छ । प्रधानाध्यापकका रूपमा उनले विद्यालयमा प्राविधिक शिक्षा, बालमैत्री वातावरण निर्माण तथा गुणस्तर सुधारलाई मुख्य प्राथमिकतामा राखेर अघि बढ्ने बताएकी छन् ।

## आकर्षण...

इन्टरनेसनलका अध्यक्ष विष्णु केसीले ६ सय महिला र २ सय पुरुष गरी ८ सय कामदार पठाउन छनोट प्रक्रिया सुरुवात भएको बताए । दुवै म्यानपावर कम्पनीले कामदार छनोट तथा भर्ना पूर्णरूपमा निःशुल्क, निष्पक्ष र पारदर्शी हुने बताए ।

कामदार छनोटको अन्तर्वार्ता प्रक्रियामा सहभागी हुन मलेसियाबाट कम्पनी प्रतिनिधि काठमाडौं आएका छन् । मलेसियाको पोर्टक्लाङ, सेलाङ्गोरमा प्रमुख कार्यालय रहेको विस्ट्रोन टेक्नोलोजी मलेसिया एसडिएन बिएचडी विश्वव्यापी विस्ट्रोन कर्पोरेसनको एक शाखा हो । उक्त कम्पनीले इलेक्ट्रोनिक्स सामग्रीको उत्पादन गरी अमेरिकालगायतका देशहरूमा निर्यात गरिरहेको छ ।

कम्पनीमा रोजगारीका लागि जाने कामदारको भिसा शुल्क, हवाई टिकट, स्वास्थ्य परीक्षण तथा भर्ना प्रक्रियाका अन्य शुल्क रोजगारदाता कम्पनीले व्यहोर्ने पत्रकार सम्मेलनमा उपस्थित कम्पनी प्रतिनिधि केनीले बताए । उनले दुवै म्यानपावर कम्पनीहरूले नैतिक भर्ना प्रक्रियाका असल अभ्यासहरूलाई इमानदारिताका साथ पालना गरेको पाइएकाले नेपालबाट कामदार पठाउन छनोट गरिएको बताए ।

सन् २०२२ मै विस्ट्रोन टेक्नोलोजी (मलेसिया) एसडिएन बिएचडीले आकर्षण इन्टरनेसनलमार्फत १४० महिला र ६० पुरुष गरी २ सय जना तथा लाल धनुष इन्टरनेसनल सर्भिसेस प्रालिमार्फत १ सय ७५ महिला र ७५ पुरुष गरी जम्मा २ सय ५० जना नेपाली कामदारलाई शून्य लागतमा नैतिक भर्ती प्रणालीअन्तर्गत मलेसियामा वैदेशिक रोजगारी प्रदान गरेको थियो । अध्यक्ष केसीले उक्त महत्वपूर्ण सहयोग र प्रतिबद्धताका लागि कम्पनीप्रति दुवै कम्पनीको तर्फबाट धन्यवाद तथा आभार व्यक्त गरे ।

नेपाली नागरिकलाई वैदेशिक रोजगारीको अवसर प्रदान गर्नुका साथै शून्य लागतको अभ्यासमार्फत सुरक्षित, मर्यादित र पारदर्शी रोजगारी सुनिश्चित गर्दै देशमा रेमिट्यान्स भित्र्याउन पुऱ्याएको योगदानको दुवै कम्पनीको तर्फबाट उच्च कदर गरिएको भन्दै उनले उक्त रेमिट्यान्सले देशको अर्थतन्त्र र कामदारको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनुका साथै वैदेशिक रोजगारीलाई सम्मानजनक र दिगो बनाएको बताए ।

विस्ट्रोन टेक्नोलोजी (मलेसिया) एसडिएन बिएचडीद्वारा सन् २०२२ मा नेपालमै पहिलो पटक सुरु गरिएको नैतिक, न्यायोचित र शून्य लागतको वैदेशिक रोजगार भर्ना प्रक्रियामा सकारात्मक अभ्यास गरेको र भविष्यमा अन्य रोजगारदाता कम्पनीहरूलाई पनि जिम्मेवार बनाउँदै स्वच्छ भर्ना प्रणाली अवलम्बन गर्न प्रेरणा दिने विश्वास लिएको पनि अध्यक्ष केसीले बताए। उनले नैतिक, न्यायोचित र शून्य लागतको वैदेशिक रोजगार भर्ना प्रक्रियामा प्रतिबद्ध रहेका म्यानपावर कम्पनीलाई नेपाल सरकारले प्रोत्साहन गर्नुपर्नेमा पनि जोड दिए ।

उनले विस्ट्रोन टेक्नोलोजी (मलेसिया) एसडिएन जस्ता कम्पनीले अवलम्बन गरेको शून्य लागत तथा नैतिक भर्ना प्रणालीले नेपालमा वैदेशिक रोजगारीको परम्परागत अभ्यासलाई सकारात्मक रूपमा रूपान्तरण गर्दै नीतिगत, सामाजिक, आर्थिक र संस्थागत तहमा बहुआयामिक प्रभाव पारेको पनि अध्यक्ष केसीले बताए ।

शून्य लागतको वैदेशिक रोजगारीले नेपाली कामदारहरूलाई ऋणको बोझबिना सुरक्षित, मर्यादित र सम्मानजनक रोजगारी सुनिश्चित गरेको भन्दै अध्यक्ष केसीले भर्ना प्रक्रियामा हुने अनावश्यक शुल्क, दलाल प्रथा, जबरजस्ती ऋण र ठगीजस्ता समस्याहरू समाधान गरेको बताए । उनले शून्य लागतले वैदेशिक रोजगारीलाई बाध्यताको विकल्प नभई अवसरका रूपमा स्थापित गर्ने र कामदारहरूको आम्दानी, बचत, परिवारको शिक्षा, स्वास्थ्य र जीवनस्तर सुधारमा सहयोग पुऱ्याएको समेत बताए ।

लाल धनुष इन्टरनेसनल सर्भिसेस प्रालिकी सञ्चालिका निमदिगु शेर्पाले शून्य लागतको असल अभ्यासले कामदारको मानवअधिकार सुनिश्चित गरेको भन्दै मलेसियाको विस्ट्रोन टेक्नोलोजी (मलेसिया) एसडिएन बिएचडी र नेपालका साझेदार एजेन्सीहरूबीच नैतिक भर्ना र रोजगारदाता पे प्रिन्सिपल अनुसारको साझेदारीलाई औपचारिकता प्रदान गरी वैदेशिक रोजगार प्रणालीमा विश्वास र पारदर्शिताको बलियो आधार निर्माण गरेको बताइन् ।

पत्रकार सम्मेलनमा लाल धनुष इन्टरनेसनल सर्भिसेसका अध्यक्ष आङ नवाङ शेर्पाले कम्पनीमा करारअनुसारको काम, आवास, ओभरटाइमलगायतका सुविधा अन्तर्राष्ट्रिय मापदण्डअनुसार रहेको भन्दै कामदारको अत्यन्तै आकर्षण रहेको जानकारी दिए । पत्रकार सम्मेलनमा आकर्षण इन्टरनेसनल प्रालिका म्यानेजिङ डाइरेक्टर मिलन थापा, ग्लोबल कम्प्याक्ट नेपाल प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन शारदा थापाले गरेकी थिइन् ।


**कुवेतमा रोजगार**

कम्पनी: STAR BAKERY FOOD EQUIPMENT COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/१०/०७ — चलानी नं.: ६०२५०५४४ — L.T. No.: 337486

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper (Indoor) | 15 | 0 | स. काममा दक्ष | 95 | ४५,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १५ गते (29 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | रु.१०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SHARON MANPOWER SERVICES PVT.LTD.**
Govt Lic. No.: 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390, 9746491713, 9851364461, 976-5970749
Itahari Branch Contact : +977-25-590863

**साउदीमा रोजगार**

कम्पनी: LIBANET SAUDI ARABIA — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/१०/०७ — चलानी नं.: ६०२५०५३८ — LT. No.:337415

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 10 | 0 | स. काममा दक्ष | 1000 | ३८,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १५ गते (29 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**S.R. Group HR Consultancy Pvt. Ltd.**
Govt. Lic. No.: 1123/073/074
Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700
Mob.: 9818309178, 9841516281 | Web.: www.srgroupsa.com

**साइप्रसमा रोजगार**

कम्पनी: CAS RECRUITMENT GROUP — शहर: LARNACA
पूर्व स्वीकृत मिति: २०८२/०६/१० — चलानी नं.: ६०२४५४७४ — LT. No.:331800 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 3 | सम्बन्धित काममा दक्ष | 600 | १०२२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 0 | 3 | | 600 | १०२२१६ | | | | | | | |
| 3. | Domestic Worker | 0 | 3 | | 400 | ६८१४४ | | | | | | | |
| 4. | Shelf Filler | 0 | 3 | | 600 | १०२२१६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १५ गते (29 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**कर्म इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.**
Lic. No.: 643/063/64
पो.ब.नं. २१८४४, ज्ञानेश्वर, काठमाडौं, नेपाल सम्पर्क नं. ४५२४१५२, ४५१२३५६
email:office@karmaemployment.com, website:www.karmaemployment.com



## दुर्गाथली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ्ग
सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**( प्रथम पटक सुचना प्रकाशित मिति २०८२/१०/०८ )**

यस कार्यालयबाट मिति २०८२/०९/०१ गते र १६ हिमालय टाइम्स र मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार निम्न ठेक्काको लागि रीत पूर्वक हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रदाताले पेश गरेका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

तपशिलः-

| सि.न. | बोलपत्र नम्बर र कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अङ्क (VAT / PS बाहेक) |
|---|---|---|---|
| 1. | 03/WORKS/NCB/DRM/2082/083 | Nuwadeu Construction Durgathali-07 Bajhang | 25,87,272.00/- |
| 2. | 04/WORKS/NCB/DRM/2082/083 | Nuwadeu Construction Durgathali -07 Bajhang | 13,55,102.43/- |
| 3. | 01/WORKS/SQ/DRM/2082/083 | Nuwadeu Construction Durgathali -07 Bajhang | 11,54,187.00/- |

प्रमुख प्रशासकीय अधिकृत



# Modi Rural Municipality
# Office of Rural Municipal Executive
**Patichaur, Parbat**
**Gandaki Province, Nepal**

## Invitation for Sealed Quotation

**Second Date of publication: B.S. 2082/10/08 (22nd Jan, 2026)**

Modi Rural Municipality, Office of Rural Municipal Executive, Patichaur, Parbat invites Electronic bids from Nepalese eligible bidders for the procurement of works which are mentioned on following table under Sealed Quotation. All other information and bid document can be downloaded from PPMO's website **www.bolpatra.gov.np/egp.** All eligible bidders are requested to submit E-Bid only as per instruction within the mentioned period.

| S.N. | Description of works | Contract No. | Estimated Amount (Including of VAT, P.S & Contingencies) in NRs. | Bid Doc. Fee | Minimum Bid Security Amount in Nrs. |
|---|---|---|---|---|---|
| 1 | Combined Package of Remaining construction work of the Ward Office building (Ward no. 1 and 5) | 05/MRM/SQ/WORKS/(082/083)-Re | 18,99,614.60 | NRs.1,000 | 45,000.00 |

**Information to deposit the cost of bidding document and Bid Security in Bank.**

| For Bid Document Fee | For Bid Security |
|---|---|
| **Name of Bank:** Nepal Bank Ltd, Modi Branch<br>**Account Name:** GA 1.1 Aantarik Rajaswo Khata<br>**Account no:** 32603000001001000001 | **Name of Bank:** Nepal Bank Ltd, Modi Branch<br>**Account Name:** GA 3 STHANIYA TAHA DHARAUTI KHATA<br>**Account Number:** 32603000003001000001 |

**Chief Administrative Officer**

# निर्वाचनका लागि सामाजिक सञ्जालको दुरुपयोग रोक्न निगरानी बढाइने



**काठमाडौं /मस**–सरकारले आसन्न प्रतिनिधिसभा निर्वाचनमा राजनीतिक दल र उम्मेदवारको प्रचारप्रसार र अभियानलाई व्यवस्थित बनाउन सुरक्षा व्यवस्था थप सुदृढ र भरपर्दो बनाउन जिल्ला सुरक्षा समितिलाई निर्देशन दिएको छ।

गृहमन्त्री ओमप्रकाश अर्यालका अध्यक्षतामा बुधबार यहाँ बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले निर्वाचन कार्यक्रममा समन्वय गर्न गठन गरिएका सबै संयन्त्रलाई सक्रिय बनाउने निर्णय गरेको हो।

बैठकले निर्वाचन प्रचारप्रसारका क्रममा सामाजिक सञ्जालको दुरुपयोगलाई नियन्त्रण गर्न सोको निगरानीलाई प्रभावकारी बनाउने र गैरकानुनी भएको पाइएमा कारबाही गर्ने निर्णय गरेको गृहमन्त्रीको सचिवालयले जनाएको छ।

बैठकमा निर्वाचन सुरक्षा योजना सम्बन्धमा चार वटै सुरक्षा निकायले गरेका तयारी सम्बन्धमा समीक्षा भएको थियो। निर्वाचनलाई लक्षित गरी केन्द्रीय सुरक्षा समितिबाट पारित भई एकीकृत निर्वाचन सुरक्षा योजना, २०८२ कार्यान्वयनमा रहेको छ।

आचारसंहिता उल्लंघन गर्नेलाई आयोगले कारबाही गर्ने

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गर्नेलाई उजुरीका आधारमा र आफैंले अनुसन्धान गरेर पनि कारबाही गर्ने चेतावनी दिएको छ।

आयोगले आफ्ना संयन्त्रबाट प्राप्त प्रतिवेदन तथा उजुरीका आधारमा आवश्यक अध्ययन गरी कानुनअनुसार कारबाही प्रक्रिया अगाडि बढाउने आयोगका सूचना अधिकारी सुमन घिमिरेले बताए।

उनले आयोगमा आएको उजुरीका आधारमा मात्रै नभएर आयोगले स्वअध्ययनबाट पनि आचारसंहिता विपरीतका कार्य गर्नेलाई कारबाही गर्ने जानकारी दिए। निर्वाचन आचारसंहिता निर्वाचनलाई स्वच्छ, निष्पक्ष, विश्वसनीय र भयमुक्त वातावरणमा सम्पन्न गर्ने उद्देश्यले सरोकारवाला सबैको सहमतिमा जारी गरिएको उनको भनाइ छ।

उनकाअनुसार आचारसंहिताको पालना गराउने र उल्लंघन भएमा कारबाही गर्ने उद्देश्यले निर्वाचन क्षेत्र, जिल्ला र केन्द्रस्तरसम्म आयोगका अनुगमन संयन्त्र सक्रिय बनाइएको छ। उनले निर्वाचन आचारसंहिता राजनितिक दल, उम्मेदवार र मतदाता सबैले पालना गर्नुपर्ने बताए।

उनले उम्मेदवारी मनोनयनका क्रममा मंगलबार केही आचारसंहिताका विपरीतका कार्य भएको उल्लेख गर्दै ती कार्य आयोगको नोटिसमा रहेको बताए। उनले आचारसंहिता कार्यान्वयनका लागि आयोगले संयन्त्र बनाइसकेको पनि जानकारी दिए।

प्रत्यक्षतर्फ हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि देशभर ३ हजार ४ सय ८६ जनाले उम्मेदवारी दर्ता गराएका छन्। तीमध्ये ३ हजार ८९ जना पुरुष, ३ सय ९६ जना महिला तथा १ जना अन्य समूहबाट उम्मेदवार रहेको आयोगका सूचना अधिकारी घिमिरेले जानकारी दिए। मंगलबार तोकिएको समयभित्र मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमार्फत उम्मेदवारी दर्ता प्रक्रिया सम्पन्न भएको हो।

राजनीतिक दल र उम्मेदवारहरूले देखाएको संयमता र शान्तिपूर्ण वातावरणका कारण मनोनयन दर्ता कार्यक्रम सहज रूपमा सम्पन्न भएको घिमिरेले बताए। उनकाअनुसार निर्वाचन घोषणा भएदेखि नै आयोगले स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्दै आएको छ। मनोनयन दर्ताको दिन देखिएको वातावरणले फागुन २१ गते तोकिएकै मितिमा निर्वाचन हुनेमा आयोग विश्वस्त रहेको उनले बताए।

आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यतालिकाअनुसार बुधबार उम्मेदवारको विरोधमा उजुरी दिने कार्यक्रम रहेको छ। प्राप्त उजुरीको निर्वाचन अधिकृतको कार्यालयमा छानबिन गरी संविधान, कानुन तथा निर्वाचनसम्बन्धी व्यवस्था अनुसार उम्मेदवारको योग्यता परीक्षण गरिने सूचना अधिकारी घिमिरेले जानकारी दिए। अयोग्य ठहरिएका उम्मेदवारको नाम सूचीबाट हटाई पुनः संशोधित नामावली सार्वजनिक गरिने उनले बताए।

उम्मेदवारी फिर्ता लिन चाहने उम्मेदवारले माघ ९ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म निवेदन दिन सक्नेछन्। त्यसपछि अन्तिम उम्मेदवारको नामावली तथा निर्वाचन चिह्न सार्वजनिक गरिने र सोही आधारमा मतपत्र छपाइको काम अघि बढाइने घिमिरेले जानकारी दिए।

उनकाअनुसार निर्वाचन आचारसंहिताअनुसार फागुन ३ गतेदेखि फागुन १८ गते रातिसम्म औपचारिक चुनावी प्रचारप्रसार गर्न पाइनेछ। मौन अवधि फागुन १८ गते रातिदेखि लागू हुनेछ। सो अवधिभन्दा अघि घरदैलो तथा मतदातासँग भेटघाट गर्न पाइने भएपनि जुलुस, र्‍याली र आमसभा गर्न आचारसंहिताले निषेध गरेको उनले बताए।

आगामी फागुन २१ गते हुने निर्वाचनका लागि देशभर मंगलबार उम्मेदवारहरूले मनोनयन दर्ता गराएका थिए। १ सय ६५ निर्वाचन क्षेत्रमा प्रत्यक्ष र १ सय १० सिट समानुपातिकतर्फ निर्वाचन हुँदैछ।

# जनभावनाअनुसार रुकुम पूर्वबाट उम्मेदवार बनेको हुँ : प्रचण्ड



**रुकुमपूर्व /मस**– नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले रुकुमेली जनताको समृद्धिको आकांक्षा पूरा गर्न आफू रुकुम पूर्वबाट उम्मेदवार बनेको बताएका छन्।

प्रेस सेन्टर नेपाल रुकुम पूर्वले बुधबार रुकुमकोटमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले जिल्लाको इतिहास, भूगोल, संस्कृति, जातजाति सबैको भावनामा आधारित विकासको ढाँचा अघि बढाउने प्रतिबद्धता व्यक्त गरे। 'जनयुद्धको आधार क्षेत्रको विकासलाई नयाँ ढंगले गति दिने मेरो संकल्प छ। यहाँका जनताको भावना बुझेर जनताको अपेक्षा अनुसार यहाँबाट उम्मेदवारी दर्ता गराएको हुँ', संयोजक दाहालले भने,'यहाँको भौतिक पूर्वाधारको विकास र विस्तार, शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी सिर्जना र पर्यटन प्रवर्धनमा मेरो प्राथमिक विषय हुन्।'

राजनीतिक रूपमा मात्रै नभई विकासका दृष्टिकोणबाट पनि समाजवादको बीउ रुकुम पूर्वबाट रोप्ने उद्घोष गर्दै संयोजक दाहालले समाजवादी क्रान्तिको आधारइलाका रुकुम पूर्व बन्ने विश्वास व्यक्त गरे। उनले बुधबार नै यहाँका शहीद परिवारसँग भेटघाट गर्नुका साथै स्थानीय जनसमुदायसँग अन्तरक्रिया गरेका थिए।

# एसइई परीक्षा चैत १९ गतेदेखि २९ गतेसम्म




**काठमाडौं /मस**– राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको कक्षा १० को अन्तिम परीक्षा अर्थात् माध्यमिक शिक्षा परीक्षा (एसइई) चैत १९ गतेदेखि २९ गतेसम्म देशभर एकैसाथ सञ्चालन गर्ने भएको छ। बोर्डले बुधबार एसइई परीक्षाको तालिका सार्वजनिक गर्दै आउँदो चैत १९ देखि २९ गतेसम्म सञ्चालन हुनेगरी परीक्षा तालिका सार्वजनिक गरेको हो। बोर्डको तालिका अनुसार पहिलो दिन १९ गते अनिवार्य अंग्रेजी, २० गते अनिवार्य नेपाली, २२ गते अनिवार्य गणित, २३ गते अनिवार्य विज्ञान, २४ गते सामाजिक, २५ गते ऐच्छिक प्रथम पत्रका विषय र २६ गते ऐच्छिक द्वितीय विषयका परीक्षा हुनेछन्। चैत २७, २८ र २९ गते भने प्राविधिक धार तर्फका पुराना र नयाँ कोर्सको परीक्षा हुने बोर्डअन्तर्गत कक्षा १० का परीक्षा नियन्त्रक टुकराज अधिकारीले जानकारी दिए।

गत वर्षको एसइई चैत ७ गतेदेखि सञ्चालन भएको थियो भने यस वर्ष आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका कारण यस वर्षको परीक्षा विगत वर्षभन्दा करिब १२ दिन पर सारिएको बोर्डले जानकारी दिएको छ।

जनक शिक्षा सामग्री केन्द्रले आगामी फागुन २१ गतेको निर्वाचनको लागि आवश्यक मतपत्र छपाइको काम गरिरहेको र एसइई परीक्षाको प्रश्नपत्र छाप्ने कार्य पनि जनकशिक्षाबाटै हुने भएकाले पनि परीक्षाको मिति केही दिनलाई सार्नु परेको बोर्डले जानकारी दिएको छ।

## Dhangadhi Sub-Metropolitan City
## Office of the Municipal Executive
**Dhangadhi, Kailali**

**INVITATION FOR THE BIDS**

**Date of publication: 22nd January 2026 (2082/10/08 B.S.)**

1. Dhangadhi Sub-Metropolitan City invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding procedures.

| S. N. | Contract ID Number | Description of Work | AACT | Simillar Nature | Bid Security (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | 59/DSMC/ 2082/083 | Construction of Foot Trail and Park at Left Bank of Kailali Khola Behind Trinagar Secondary School at Ward No. 01 DSMC | 32 Million | 10.7 Million Ex. VAT | 6,70,000/- | 5,000/- | 22nd February 2026 (2082/11/10 B.S.) 12:00 Noon |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Email: dhangadhimun2013@gmail.com, Phone no. 091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Act. Chief Administrative Officer**

## Shailung Rural Municipality
## Office of the Rural Municipal Executive
**Katakuti, Dolakha**
**Bagamati Province, Nepal**

**Invitation for Bid**

**Date of Publication: 2082/10/ 08(22th Januray 2026)**

Shailung Rural Municipality ,Katakuti,Dolakha office invites only electronic bids from all Nepalese eligible bidders for the mention in the table below on or before 2082/11/11 (23rd February 2026) 12:00 hours. Eligible bidders may obtain further information at Shailung Rural Municipality,Katakuti, Dolakha or may visit PPMO website: www.bolpatra.gov.np/egp.

| S. N | Name of Project | Contract ID | Estimated Amount (with VAT & PS) NRs | Bid Security (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Shailung Aadharbhut Swasthya Sewa Kendra (Proposed Shailung Hospital) | SRM/ NCB/W/24/2082/083 | 1,52,88,500.27 | 4,50,000.00 | 3000.00 |

**Chief Administrative Officer**

## Bannigadhi Jayagadh Rural Municipality
## Office of the Rural Municipal Executive
**Jayagadh, Achham**

**Invitation for NCB**

**Date of Publication: 22th January 2026 (2082/10/08 B.S)**

**(Contract Identification no: BJRM/NCB/WORK/2082-083/01 )**

1. Bannigadhi Jayagadh Rural Municipality invites electronic bid only from the eligible suppliers as belows:

| Tender ID No. | Description of Works/ Jobs | Bid Document Fee Nrs | Last Date of Submission | Bid Security (Nrs.)/ Minimun Validity | Estimated Amount(Rs) (Without VAT & Contingency) |
|---|---|---|---|---|---|
| BJRM/NCB/WORK/2082-083/01 | Upgrading Of Jayagadh Baretilekh Sadak | 3000.00 | 22 Feb 2026 (2082/11/10) 12:00 Hrs | 62,000/ 120 Days | 21,40,055.98 |

2. Electronic bid Shall be open in the presence of bidder representative who choose to attend at **22 Feb 2026 (2082/11/10), 13:00** hours at the office of Bannigadhi Jayagadh Rural Municipality, Jayagadh absence of bidder will not hindered in opening of bid.
3. **Bank Information**
   **For purchase of Bid document: Himalayan Bank, Bannigadhi Branch, Achham**
   **Account Name: Bannigadhi 'ga 1-1' ,Antarik Rajaswa Khata**
   **Account No: 12051561540119**
   **Rajaswa (revenue) Shirshak no.:14229**
   **For Bid security: Himalayan Bank, Bannigadhi Branch Achham**
   **Account Number: Bannigadhi GA-3 Stha Tatha Dharo Khata**
   **Account No : 12051561540097**
4. If the last date of purchasing and / or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the orginal last date of bid submission.
5. Eligible bidders may obtain further information and inspect the Bidding Document at the office of **Bannigadhi Jayagadh Rm achham, Email: log.bannigadhi@gamil.com, Mobile no: 9843227919**

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय

# वित्तीय अनुशासनको खाँचो

देशको सार्वजनिक वित्तीय व्यवस्थापन गम्भीर संकटउन्मुख हुँदै गएको संकेत महालेखा परीक्षकको पछिल्लो प्रतिवेदनले दिएको छ । सरकारी तथा सार्वजनिक खर्चमा बढ्दो अराजकता, कमजोर अनुगमन र जिम्मेवारीबोधको अभावका कारण बेरूजुको अवस्था भयावह बन्दै गएको छ । राज्यकोषको दुरूपयोगले आर्थिक समस्या मात्र देखाएको छैन, सुशासन र जनविश्वासमा समेत प्रश्न उठाएको छ ।

महालेखाको प्रतिवेदनले औचित्य पुष्टि नगरी खर्च गर्ने, मनोमानी रकमान्तर, योजनाविहीन अनुदान वितरण र उपभोक्ता समितिमार्फत फितलो अनुगमनमा विकास निर्माण गराउने प्रवृत्तिलाई बेरूजुको मुख्य कारण मानेको छ । संघ, प्रदेश र स्थानीय तह सबै तहमा यस्ता कमजोरी देखिनु झन् चिन्ताको विषय बनेको । विशेषतः अर्थ मन्त्रालयमा ७० प्रतिशतभन्दा बढी बेरूजु देखिनुले राज्यको वित्तीय नेतृत्वमै गम्भीर प्रश्न उठाइदिएको छ । एकातर्फ अर्बौं रूपैयाँ बेरूजु वर्षौंदेखि फछ्र्योट हुन सकेको छैन । अर्कोतर्फ कर्मचारी तथा पदाधिकारीबाटै असुल गर्नुपर्ने रकम नै ३० अर्बभन्दा बढी देखिएको छ । यसले वित्तीय उत्तरदायित्व कति कमजोर छ भन्ने प्रस्ट पारेको छ । वित्तीय अनुशासनका लागि ऐनकानुनले तोकेको समयसीमा, दायित्व र कारबाहीका व्यवस्था कागजमै सीमित हुन पुगेको छ ।

त्यसो त बेरूजु सबै भ्रष्टाचार होइन । तर बेरूजु बढ्दै जानु भ्रष्टाचारको उर्वर वातावरण तयार पार्नु हो । समयमा काम सम्पन्न नगर्ने, पेस्की फछ्र्योट नगर्ने र प्रमाण पेस नगर्ने प्रवृत्तिले वित्तीय अनुशासनलाई झन् कमजोर बनाएको छ । संसद् सरकार र सम्बन्धित निकायहरूले महालेखा प्रतिवेदनलाई गम्भीर रूपमा नलिनु पनि दण्डहीनताको संस्कार बढ्नुको अर्को कारण बनेको छ ।

सार्वजनिक खर्च पारदर्शी, परिणाममुखी र उत्तरदायी नबनेसम्म बेरूजुको समस्या घट्ने देखिँदैन । बेरूजुलाई अनदेखा गर्ने र दायित्वबाट अनेक ढंगले उम्किने प्रवृत्ति अहिले पनि कायमै छ । राज्यशक्तिमा पहुँच हुनेबाटै यसले प्रश्रय पाइरहेको छ । राज्यका कुनै अंग छैनन्, जहाँ बेरूजुको समस्या नभएको होस् । त्यसैले बेरूजु घटाउने विषय सधैं विज्ञ अध्ययन र प्रतिवेदनमै सीमित हुनुहुँदैन । नीतिगत सुधार, कडा अनुगमन, समयमै असुलउपर, स्पष्ट कारबाही र जिम्मेवार पदाधिकारीको उत्तरदायित्व सुनिश्चित नभएसम्म यो रोकिनेवाला पनि छैन । सुशासनको आधार नै वित्तीय अनुशासन हो, यसमा राज्य गम्भीर बन्नै पर्छ । त्यसो हुन नसके मुलुकको आर्थिक भविष्य झन् जोखिममा पर्नेछ ।

# व्यवस्था र नेतृत्वमाथि प्रश्न

*प्रजातन्त्र केवल संरचना वा प्रक्रियाको नाम होइन, यो चेतना, अभ्यास र आत्मसंयमको संयोजन हो ।*
*दलहरूले आफ्नै भित्रबाट सुधार सुरु नगरेसम्म बाह्य परिवर्तन दिगो हुन सक्दैन ।*

अग्रलेख



● चन्द्रबहादुर बस्याल

नेपाली राजनीतिक इतिहास निरन्तर आन्दोलन, परिवर्तन र आशाका चक्रमा घुमिरहे पनि स्थायित्व र संस्थागत प्रजातन्त्रको गहिरो अभ्यास अझै स्थापित हुन सकेको छैन । २००७ सालको परिवर्तनसँगै नेपाली जनताले शासन प्रणालीमा निर्णायक सहभागिता र स्थिरताको अपेक्षा गरे । तर, त्यसयता बनेका सरकारहरू न दीर्घकालीन हुन सके, न त नीतिगत निरन्तरता दिन सके । २००७ सालपछि संविधानसभाको निर्वाचन गरिने सहमति भए पनि दशकौंसम्म त्यो सम्भव भएन । २०१५ सालमा जननिर्वाचित सरकार बनेपछि जनतामा लोकतन्त्रको उज्यालो भविष्यप्रति आशा पलायो, तर २०१७ सालको राजनीतिक उलटफेरले ती सबै सम्भावनालाई एकाएक अवरुद्ध गरिदियो । त्यसपछि मुलुकले विभिन्न कालखण्ड पार गऱ्यो, तर स्थिर सरकार र प्रभावकारी विकास प्रक्रिया दुबै अधुरै रहे ।

यी सबै प्रयासहरू प्रजातान्त्रिक प्रणालीलाई संस्थागत गर्ने दिशामा गरिएका थिए । तर आजसम्म आइपुग्दा पनि नेपालमा प्रजातन्त्र व्यवहारमा भन्दा कागज र भाषणमै सीमित देखिन्छ । प्रजातन्त्रको मूल आत्मा भनेको निर्णय निर्माण प्रक्रिया जनताबाट सुरु भई नेतृत्वसम्म पुग्नु र पुनः जनतामै फर्कनु हो । आधुनिक व्यवस्थापन सिद्धान्तले पनि यही अवधारणालाई जोड दिएको छ । व्यवस्थापनका क्षेत्रमा उद्देश्यद्वारा प्रबन्धन प्रणालीले नेतृत्व, संस्थागत लक्ष्य र व्यक्तिगत क्षमतालाई एकआपसमा जोड्दै निर्णय प्रक्रियालाई सहभागितामूलक बनाउने कुरा गर्छ । यस्तो प्रणाली प्रजातान्त्रिक अभ्याससँग गहिरो रूपमा सम्बन्धित हुन्छ, जहाँ नेतृत्व केवल आदेशकर्ता नभई मार्गनिर्देशकको भूमिकामा रहन्छ ।

विश्व इतिहासले देखाएको छ कि प्रजातन्त्रको संस्थागत विकासको प्रमुख जिम्मेवारी राजनीतिक दलहरूमाथि नै रहन्छ । लोकतन्त्र दलविहीन हुन सक्दैन र दलहरू लोकतान्त्रिक नभए लोकतन्त्र पनि खोक्रो हुन्छ । तर नेपाली सन्दर्भमा यही आधारभूत सम्बन्ध कमजोर देखिन्छ । यहाँ दलहरू स्वयं सत्ताकै रूपमा प्रस्तुत हुने, विधि र नियमलाई आफ्नो सुविधाअनुसार व्याख्या गर्ने र असहमतिको स्वरलाई दमन गर्ने प्रवृत्तिमा अभ्यस्त देखिन्छन् । यही कारणले नेपालमा न त विधिको शासन बलियो बन्न सकेको छ, न त प्रजातन्त्रले विकाससँग सहयात्रा गर्न सकेको छ ।

हालै सम्पन्न विभिन्न दलहरूको महाधिवेशनहरूले दलहरूभित्रको वास्तविक प्रजातान्त्रिक अवस्था उजागर गरेका छन् । नेकपा (एमाले)को महाधिवेशन बाह्य रूपमा व्यवस्थित देखिए पनि आन्तरिक बहस र असहमतिको ठाउँ लगभग शून्य रह्यो । नेतृत्वप्रति प्रश्न उठाउने वा वैकल्पिक विचार राख्नेहरू क्रमशः पाखा लगाइए । लामो समयदेखि पार्टी निर्माणमा योगदान दिएका व्यक्तिहरूको राजनीतिक हैसियत घट्दै जानु र नेतृत्व वरिपरि सीमित समूहको वर्चस्व स्थापित हुनु सामान्य अभ्यासझैं बन्यो । यसले दलभित्र लोकतान्त्रिक अभ्यासभन्दा नियन्त्रणमुखी प्रवृत्ति हावी भएको संकेत गर्छ ।



उता नेपाली कांग्रेसको अवस्था फरक देखिए पनि सारमा समस्या उस्तै छ । अहिले जे-जसरी कांग्रेसमा नेतृत्व परिवर्तन भयो, त्यो सरल रुपमा भएको छैन । साथै, त्यसले स्वयं दलभित्रको प्रजातान्त्रिक अभ्यासलाई पनि समेटेको छैन । नेतृत्व परिवर्तन हुनुलाई सुखद मान्ने हो भने कांग्रेसभित्रको नीति र अभ्यास हराएको विषयलाई सामान्य मान्न मिल्दैन । यो अभ्यासले लोकतान्त्रिक पद्धतिबाट कांग्रेस बिमुख त हुँदैन भन्ने प्रश्न पनि उब्जाउँछ । राजनीतिक दलहरू प्रजातन्त्रका उत्पादन मात्र होइनन्, तिनका संवाहक पनि हुन् । विश्वका विकसित लोकतन्त्रहरूमा दलहरू नीति, विचारधारा र आन्तरिक प्रतिस्पर्धामार्फत संस्थागत रूपमा सबल बनेका छन् । बेलायत, जर्मनी, भारतजस्ता देशमा दलहरू सामाजिक न्याय, कल्याणकारी राज्य र सामाजिक लोकतन्त्रका अवधारणालाई व्यवहारमा उतार्न निरन्तर अभ्यासरत देखिन्छन् । तर नेपालमा दलहरू विचारभन्दा व्यक्ति केन्द्रित हुँदै गएका छन् । चुनाव जित्न वर्गीय असन्तुलनलाई प्रयोग गर्ने, भावनात्मक नारामार्फत समर्थन जुटाउने र सत्ता प्राप्तिपछि संगठनात्मक सुधारलाई बेवास्ता गर्ने प्रवृत्ति हाबी छ ।

नेपाल अब अल्पविकसितबाट विकासशील मुलुकतर्फ उन्मुख हुँदैछ । यस्तो संक्रमणकालीन अवस्थामा राजनीतिक दलहरूको भूमिकाले अझै ठूलो महत्व राख्छ । कूटनीतिक प्रभाव, अन्तर्राष्ट्रिय सहयोग र आन्तरिक स्रोत परिचालन सबै राजनीतिक स्थायित्व र विश्वासमा निर्भर हुन्छन् । तर दलहरूले आफूलाई राज्यसँगै बराबरीमा राख्ने मानसिकता विकास गरिरहँदा संस्थागत शासन कमजोर हुँदै गएको छ । ह्विपको नाममा विवेक प्रयोग गर्न नपाइने अभ्यास, नेतृत्व परिवर्तनप्रति असहिष्णुता र आलोचनालाई अनुशासनहीनताको रूपमा व्याख्या गर्ने चलनले दलहरूलाई जनताबाट टाढा पुऱ्याइरहेको छ ।

व्यवस्थापन सिद्धान्तले निर्णय प्रक्रिया तलबाट माथि र माथिबाट तल दुबै दिशामा प्रवाह हुनुपर्ने बताउँछ । तर, नेपाली दलहरूमा यो प्रक्रिया अत्यधिक नियन्त्रणमा राखिएको छ । परिणामस्वरूप न त कार्यकर्ताको आवाज सुन्ने संस्कार विकसित भएको छ, न त नेतृत्वले पृष्ठपोषणलाई गम्भीरतापूर्वक लिने अभ्यास ।

यस्तो अवस्थाबाट बाहिर निस्कन नेपाललाई ठूलो चुनौती सामना गर्नुपर्दैन । आधारभूत कुरा भनेको शिक्षित, विवेकशील र उत्तरदायी नागरिक तयार गर्नु हो । राज्यले शिक्षा क्षेत्रमा ठूलो लगानी गरिरहेको छ, जुन दीर्घकालीन रूपमा राजनीतिक संस्कार परिवर्तन गर्ने मुख्य आधार बन्न सक्छ । यही शिक्षित पुस्ता भोलिको नेतृत्व र प्रशासक हो । त्यसैले राजनीतिमा प्रवेश गर्न न्यूनतम अध्ययन र वैचारिक तयारीलाई अनिवार्य मापदण्डका रूपमा विकास गर्नु आवश्यक छ ।

नेताभन्दा नीति प्रधान भन्ने भाष्य व्यवहारमा उतार्न राजनीतिक उमेरहद, कार्यकालको सीमा, भ्रष्टाचारप्रति शून्य सहनशीलता र मेरिटमा आधारित नियुक्ति प्रणालीलाई कडाइका साथ लागू गर्नुपर्छ । तथ्यसहित भ्रष्टाचार प्रमाणित भएमा पद होइन, व्यक्ति स्वतः जिम्मेवारीबाट बाहिरिने संस्कार बसाल्नुपर्छ । नीति कार्यान्वयनमा अस्पष्टता होइन, स्पष्टता र निरन्तरताको अभ्यास आवश्यक छ ।

प्रजातन्त्र केवल संरचना वा प्रक्रियाको नाम होइन, यो चेतना, अभ्यास र आत्मसंयमको संयोजन हो । दलहरूले आफ्नै भित्रबाट सुधार सुरु नगरेसम्म बाह्य परिवर्तन दिगो हुन सक्दैन । विचार, नीति र संस्थालाई व्यक्तिभन्दा माथि राख्ने साहस गर्न सके मात्र नेपाली प्रजातन्त्र प्रभावकारी, उत्तरदायी र जनमुखी बन्न सक्छ । यही सुधारको बाटो नै नेपाललाई स्थिरता र समृद्धितर्फ लैजाने आधार बन्न सक्छ ।

## इतिहासमा आज


२२ जनवरी २००६ मा बोलिभियाको राष्ट्रपतिको रूपमा इभो मोरालेसले सपथ लिए । उनी देशको पहिलो आदिवासी राष्ट्रपति बने ।




२२ जनवरी २००७ मा इराकको मध्य बगदादमा रहेको बाब अल-शार्की बजारमा दुई कार बम विस्फोट हुँदा कम्तिमा ८८ जनाको मृत्यु भएको थियो । जुन विस्फोट आतंकवादी समूहले गराएका थिए ।



२२ जनवरी २००९ मा अमेरिकी राष्ट्रपति बाराक ओबामाले ग्वान्टानामो खाडी हिरासत शिविर बन्द गर्ने कार्यकारी आदेशमा हस्ताक्षर गरे । जुन हिरासतलाई असाध्यै यातनायुक्तको रुपमा चित्रित गरिएको थियो ।



२२ जनवरी २०२४ मा ५०० वर्षको विवाद अदालतमार्फत समाधान भएपछि उत्तर प्रदेशको अयोध्यामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा राम मन्दिरको उद्घाटन गरिएको थियो ।



# न्यायको नाममा सौदा

विचार



● ईश्वर बुढाथोकी

> *जेनजी आन्दोलनको वास्तविक सम्मान तब मात्र हुन्छ, जब राज्यले विधिको शासनलाई सौदाबाजीबाट मुक्त गर्छ र अपराधलाई अपराधकै रूपमा व्यवहार गर्छ ।*

भदौ २३ र २४ गते देखिएको जेनजी आन्दोलन नेपाली राजनीतिक इतिहासमा एउटा असाधारण क्षण थियो । दशकौंदेखि जरा गाडेर बसेका विकृति, विसंगति, नातावाद, कृपावाद र भ्रष्टाचारविरुद्ध युवाहरू सडकमा उत्रिनु लोकतान्त्रिक चेतनाको संकेत थियो । त्यो आन्दोलन कुनै दल, कुनै नेता वा कुनै पदका लागि थिएन; त्यो सुशासन, विधिको शासन र संविधानवादको पुनर्स्थापनाका लागि थियो । तर दुर्भाग्य, आन्दोलनको भावनाले जन्माएको सत्ताले नै आज ती मूल्यहरूमाथि प्रहार गरिरहेको देखिन्छ ।

विधिको शासनको आधार शक्ति पृथकीकरण हो । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका आ-आफ्नो सीमाभित्र रहेर काम गर्दा मात्र लोकतन्त्र सन्तुलित रहन्छ । तर अहिलेको अभ्यासले त्यही सन्तुलन भत्किँदै गएको संकेत गर्छ । संविधानको मर्मअनुसार नभई बनेको सरकार, एक व्यक्तिको इच्छाअनुसार भइरहेका निर्णय, न्यायिक प्रक्रियामाथि देखिएको दबाब- यी सबैले सरकार स्वतन्त्र नभई कुनै अदृश्य शक्तिको कठपुतली बनेको आभास दिन्छन् । बहुदलीय व्यवस्थामा पनि एउटा दल र एउटा नेतालाई मात्र राज्यका सबै संयन्त्रले संरक्षण गरिरहेको अनुभूति हुनु लोकतान्त्रिक मूल्यको अपमान हो ।

सबैभन्दा गम्भीर प्रश्न फौजदारी न्याय प्रणालीसँग जोडिएको छ । अपराध राज्यविरुद्धको कार्य हो भन्ने सिद्धान्तमा हाम्रो कानुन टेकेको छ । त्यसैले अपराध क्षम्य हुँदैन, न त पीडितले माफी दिएर अपराध मेटिन सक्छ । अभियोग दाबी संशोधन र अभियोग फिर्ता लिने विषयलाई जानाजानी गन्जागोल पारेर प्रयोग गर्नु न्यायमाथिको हस्तक्षेप हो । कानुनले संशोधनको व्यवस्था प्रमाण, तथ्य वा सामान्य त्रुटि सच्याउनका लागि दिएको हो, अपराधलाई नै खारेज गर्नका लागि होइन । तर हालै देखिएका निर्णयहरूले अपराध के हो र के होइन भन्ने अधिकार कार्यपालिकाले नै लिएको जस्तो देखिन्छ, जुन विधायिका र न्यायपालिका दुवैको क्षेत्राधिकारमाथि आक्रमण हो ।

नजिरहरूले स्पष्ट गरेका छन् कि फौजदारी अपराधमा मिलापत्र हुँदैन । विगतमा बलात्कारजस्तो गम्भीर अपराधमा पीडितको आग्रह, विवाह र सामाजिक दबाब हुँदाहुँदै पनि सर्वोच्च अदालतले सजाय दिएको उदाहरण छ । कारण स्पष्ट थियो-अपराध घटेको क्षणमा त्यो कानुनले निषेध गरेको कार्य थियो । त्यसै आधारमा दोषीलाई दण्डित गरियो । यही सिद्धान्त आज पनि लागू हुनुपर्ने हो । तर संगठित अपराध र सम्पत्ति शुद्धीकरणजस्ता गम्भीर अभियोग फिर्ता लिने प्रयासले अपराधलाई आर्थिक लेनदेनमार्फत सेतो बनाउने खतरनाक परम्पराको संकेत गर्छ । यसले आर्थिक अपराधीहरूको मनोबल बढाउने मात्र होइन, कानुनका अगाडि सबै बराबर हुन्छन् भन्ने आधारभूत नागरिक अधिकारलाई पनि खोक्रो बनाउँछ ।

यस्तो हस्तक्षेपको परिणाम विगतमा पनि देखिइसकेको छ । रौतहटको चिम्नीभट्टा घटनामा अनुसन्धान ढिलाइ हुँदा प्रमाण नष्ट भए, न्यायालय विवादमा तानियो र अन्ततः न्याय अपूरो रह्यो । आज फेरि उस्तै गल्ती दोहोरिँदै छ । परिवर्तनको नाममा आएको सत्ता बदला र संरक्षणको राजनीतिमा फसेको देखिँदा जनतामा गहिरो निराशा छ ।

आन्दोलनका बेला उठेका मागहरू सत्ता कब्जाका लागि थिएनन् । त्यो आन्दोलनले दुई तिहाइ बहुमतको सरकारलाई २४ घण्टाभित्रै ढाल्यो, प्रधानमन्त्रीलाई ज्यान जोगाउन बाध्य बनायो । यसले जनतामा आशा जगायो- अब पुराना दम्भ, विकृति र सत्ताको अहंकार समाप्त होला । युवाहरूले शासनमा नयाँ संस्कार ल्याउलान् भन्ने अपेक्षा फैलियो । धेरै पुराना नेता कमजोर भए, केहीले राजनीतिबाट अलग हुने संकेत गरे, युवाहरूलाई अवसर दिने कुरा गरे । त्यो आशा अस्वाभाविक थिएन ।

तर आजको अवस्था हेर्दा, त्यो आन्दोलन वरदानभन्दा अभिशापजस्तो देखिन थालेको छ । आन्दोलन पवित्र थियो, तर त्यसको प्रयोग अपवित्र ढंगले भयो । नेतृत्वविहीन आन्दोलन, अनुभवहीन युवाहरू र उनीहरूलाई सही दिशा देखाउनभन्दा भ्रममा पारेर स्वार्थ साध्ने चतुरहरूको घेराबन्दी- यही कमजोरीको फाइदा उठाइयो । पदच्युत भएका पुराना सत्ताधारीहरूले आफ्नो दशकौंको राजनीतिक अनुभव प्रयोग गरेर आन्दोलनको ऊर्जा क्षीण पार्ने रणनीति अपनाए । बाहिर सुध्रिएको अभिनय, भित्र बदला र पुनरागमनको योजना चलिरह्यो ।

यदि यही प्रवृत्ति जारी रह्यो भने आगामी निर्वाचनपछि पुराना शक्तिहरू पुनः सत्तामा फर्किएर आन्दोलनकारी युवाहरूमाथि बदला लिने सम्भावना प्रबल छ । जसले फेरि उही विकृति, उही विसंगति र उही अशान्ति जन्माउनेछ । परिवर्तनको नाममा न्यायसँग सौदा गर्ने, कानुनलाई व्यक्तिको सेवामा लगाउने र आन्दोलनको बलिदानलाई सत्ताको खेलौना बनाउने प्रवृत्तिले लोकतन्त्र बलियो हुँदैन । जेनजी आन्दोलनको वास्तविक सम्मान तब मात्र हुन्छ, जब राज्यले विधिको शासनलाई सौदाबाजीबाट मुक्त गर्छ र अपराधलाई अपराधकै रूपमा व्यवहार गर्छ । होइन भने इतिहासले यो आन्दोलनलाई चेतनाको उज्यालो होइन, दुरुपयोगको अँध्यारो अध्यायका रूपमा सम्झनेछ ।

## पाठक-पत्र

### जडीबुटीको विकास र प्रयोगमा ध्यान दिने कि !

२९ पुसको मध्यान्न दैनिकमा छापिएको '४९ हजार किलो गुजरगानो बरामत' शीर्षकको समाचार पढ्दा केही लेख्न मन लाग्यो । समाचारअनुसार अनुमति नलिइ सो जटुबुटी संकलन गरि राखिएको थियो । यद्यपि, त्यति ठूलो परिणाममा जडिबुटी संकलन गर्दा किन सरकारका निकायहरुले सुरुमै देखेनन् । व्यक्तिलाई पक्राउ गर्दै गर्दा किन कर्मचारी तहबाट अनुगमन हुन सकेन ? के जिल्ला बन कार्यालयमा जनशक्ति अभाव हो ? के आवश्यक साधनहरुको अभाव हो ?

सँगै, त्यो जडिबुटी प्रयोग नगरी सड्न र गल्न दिनु के सही हो त ? हामी सबैलाई थाहा छ, नेपाल हरियो बनमा धनी छ । तर, हामी किन काठ भारत, मलेसिया, इन्डोनेसिया जस्ता देशबाट ल्याउँछौं ? किन स्वदेशी काठलाई निरुत्साहन गर्छौं र विदेशीलाई भित्र्याउँछौं ? के स्वदेशी काठहरु कुहाएर फाल्नु सही हो ?

सँगै, जफत गरिएका जडिबुटी वा काठजन्य सामाग्री पनि प्रयोगमा नल्याइ कुहाएर फाल्ने चलन बढ्दो छ । समयमै लिलाम बिक्री गर्ने र वैधानिकता दिने चलन छैन । के यसरी देश विकास हुन्छ ? अन्त्यमा, यसरी हाम्रा लेकदेखि बेँसीसम्मका जंगल र डाँडाहरूका भित्र हुने जरीबुटीहरूको रक्षा गर्ने र नभएका ठाउँमा बियाँ-बिउ लगेर छर्ने काम गरेर बनका कर्मचारीहरूले नै जरीबुटीको वृद्धि-विकास गर्न सकिन्छ । जसबाट गाउँलाई हामी धनी बनाउन सक्छौं । नागरिकलाई रोजगारी दिन सक्छौं । तर, सरकारले आफ्ना स्रोत र साधनलाई प्रयोग नगर्ने, गर्नलाई वैधानिकता नदिने र कसैले प्रयोग गर्न खोजे कारबाही गर्ने गरेको छ । जुन नितान्त गलत । जसले कसैको भलो गर्दैन ।

- रामहरी बाजे, विदुर-४, नुवाकोट

### 'नो भोट' र 'राइट टु रिकल' चाहिन्छ

'लोकतान्त्रिक व्यवस्था' भनेर उच्चारण गर्दैमा त्यो व्यवस्था लोकतान्त्रिक हुन सक्दैन । निर्वाचन हुनु, जनप्रतिनिधि चयन हुनु र तिनले शासन गर्दैमा, त्यहाँ लोकतान्त्रिक व्यवस्था बलियो छ भन्न सकिन्न । लोकतान्त्रिक व्यवस्था बलियो हुनका लागि केही मूलभूत मान्यताहरु अपनाएको हुनुपर्छ ।

जस्तो कि 'नो भोट' र 'राइट टु रिकल'को व्यवस्था हुनु अनिवार्य छ । जबसम्म यो व्यवस्था हुँदैन तबसम्म लोकतन्त्र चुनावी मात्रै हुन्छ, व्यवहारिक हुँदैन । चुनाव हुने, चुनिने तर नागरिकप्रति जिम्मेवारी नहुने परिपाटी निरन्तर चलिरहन्छ ।

नेपालको सन्दर्भमा पनि पटके व्यवस्था उस्तै प्रकृतिका छन् । चुनाव त हुन्छ, तर जनप्रतिनिधिलाई स्वीकार मात्रै गर्नुपर्ने व्यवस्था छ । इच्छाएको जनप्रतिनिधि नभएका अस्वीकार गर्न पाउने व्यवस्था छैन । सबै बेठिक जनप्रतिनिधि रहेछन् भने पनि उनीहरुमध्ये एकलाई रोज्नुपर्छ । सँगै, रोजिएका जनप्रतिनिधिले बेठिक काम गरे पनि उनीहरुलाई स्वीकार गर्नुपर्छ । यो भन्दा कुरुप के हुन्छ ।

त्यसैले हाम्रो परिपाटीमा आमूल परिवर्तन गर्नुपर्छ । 'नो भोट' र 'राइट टु रिकल'को व्यवस्था अनिवार्य गरिनुपर्छ ।

- सबिन मगर, तनहुँ

# शहीद सप्ताह मनाइँदै



**काठमाडौं/मस–** माघ १० गतेदेखि यस वर्ष शहीद सप्ताहका कार्यक्रम सुरु हुने भएका छन् । बुधबार काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलको अध्यक्षतामा बसेको बैठकले १९९७ सालमा प्राणदण्ड पाएका सहिदहरूले सहादत प्राप्त गरेको दिन र स्थानमा श्रद्धाञ्जली सभा गर्ने तथा १६ गते लैनचौर शहीद स्मारक पार्कमा ज्ञातअज्ञात सबै शहीदहरूको सम्झनामा स्मृति सभा गर्ने निर्णय गरेको छ ।

१९९७ मा प्राणदण्ड पाएका ४ जना शहीदले माफी मागेर शासकसामु झुक्नुभन्दा प्रजातन्त्रकालागि ज्यान सजाय स्वीकार गरेका थिए । त्यसपछिका विभिन्न राजनीतिक परिवर्तनका लागि भएका आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने सहितको योगदान स्मरण गर्ने तथा सम्मान गर्नु सप्ताहव्यापी कार्यक्रम आयोजनाको उद्देश्य हो । नागरिक स्वतन्त्रताका लागि यसरी सहादत प्राप्त गर्ने ज्ञात अज्ञात शहीदहरूको सम्झनामा हरेक वर्ष माघ १० गतेदेखि १६ गतेसम्मलाई शहीद सप्ताहका रुपमा मनाइँदै आएको छ । २०१२ सालदेखि विद्यमान महानगरको संयोजकत्व गठित समितिले शहीद सप्ताहका कार्यक्रम आयोजना गर्दै आएको छ । बैठकमा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं, वडाध्यक्ष ईश्वरमान डंगोल, नेपाली सेनाको समारोह सञ्चालन निर्देशनालयका प्रमुख सेनानी धिरन अधिकारी, काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरीका प्रहरी उपरीक्षक बालनरसिंह राणा, सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयका सशस्त्र प्रहरी उपरीक्षक श्यामकुमार कार्की, जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रशासकीय अधिकृत सुजनकुमारी वर्देवाअधिकारीहरू उपस्थित थिए ।

यस्तै प्रशासन विभाग, महानगर प्रहरी बलका अधिकारी सहितको उपस्थिति थियो । शहीद सप्ताहको पहिलो दिन माघ १० गते टेकु मचली, १३ गते सिफल उकालो र १५ गते शोभा भगवतीमा कार्यक्रम हुनेछ ।

यस्तै, माघ १६ गते शान्ति बाटिकाबाट प्रभात फेरि गर्दै लैनचौरमा पुगेर शहीद स्तम्भमा सभा हुनेछ । त्यस अवसरमा प्रधानमन्त्री, मन्त्रीसहित विशिष्ट व्यक्तिहरू स्मृति सभाका लागि भेला हुनेछन् । यी कार्यक्रम आयोजना हुने स्थलसँग सम्बन्धित वडालाई कार्यक्रम सञ्चालन व्यवस्थापनको जिम्मेवारी दिइएको छ ।

१९९७ साल माघ ७ गते सिंहदरबारमा राजा त्रिभुवन र प्रधानमन्त्री जुद्धशमसेरसहितको इजलासले शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, दशरथ चन्द र पूर्णनारायण प्रधान गरी ५ जनालाई सर्वस्वसहित ज्यान सजायको फैसला सुनाइएको थियो । पछि पूर्णनारायणको सजायलाई आजन्म कैदमा परिवर्तन गरियो । प्राणदण्ड हुनसक्छ भन्ने जान्दाजान्दै नागरिक स्वतन्त्रताका पक्षमा निर्भीक भएर आवाज उठाउने शास्त्री, माथेमा, श्रेष्ठ र चन्दले मृत्युदण्ड पाएपछि उनीहरूको सपना स्मरण गर्दै शहीद दिवस मनाउने गरिएको हो । राणा शासनको विरोध गर्दै जनतालाई प्रजातन्त्रको पक्षमा एकजुट एवं शिक्षित गरेको आरोपमा उनीहरूलाई प्राणदण्ड दिइएको हो ।

राणा शाशनविरुद्ध देश विदेशमा भएका भूमिकामा नाइके भएको आरोप लगाएर शास्त्रीलाई माघ १० गते टेकु मचलीस्थित खरिबोटमा, १३ गते धर्मभक्त माथेमालाई सिफल उकालो बकाइनाका रुपमा झुण्ड्याएर प्राणदण्ड दिइएको थियो । माघ १५ गते शोभा भगवती किनारामा गंगालाल श्रेष्ठ र दशरथ चन्द एकले अर्कालाई देख्ने गरेर गोली हानेर कायल गराउन खोजिएको थियो । ज्यानको माया गरेर कायल हुनुभन्दा नागरिक अधिकारका लागि गोली खान तयार भएका उनीहरूलाई पहिले घुँडाभन्दा तल गोली हानिएको थियो । त्यति गर्दा पनि कायल नभएपछि पछि ज्यान जाने गरी गोली ठोकिएको थियो । २००७ सालमा प्रजातन्त्र आएपछि २०१७ सालमा एकतन्त्रीय शासन प्रारम्भ भयो । प्रजातन्त्र पुन:प्राप्तिका लागि २०४६ साल आन्दोलन भयो । लोकतन्त्रका लागि २०६२/०६३ सालमा र सुशासन प्राप्त गर्न २०८२ भदौ २३ र २४ गते परिवर्तनकारी आन्दोलन भएका छन् । यी आन्दोलनमा ज्यान गुमाउनेहरूको सम्मान दिवस मनाउनेको उद्देश्य हो ।


## भूल सुधार

मिति २०८२/१०/०६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित युएई र कुवेतमा रोजगार शीर्षक, कम्पनीको नाम: ONE MINUTE COMPANY FOR DELIVERY OF CONSUMER ORDERS, L.T. No.: 301203 चलानी नं. ६०२१६१२२ र पूर्व स्वीकृत मिति: २०८०/११/३० भएको विज्ञापनमा कामदारको पद Light Driver हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu,
Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com,
Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## ग्लोबल आइएमई बैंक लिमिटेडको

### तपसिलमा उल्लिखित ऋणीहरुलाई ऋण कर्जा भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/१०/०८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक**

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/ धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला। अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ।
साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

| न्यू रोड शाखा, काठमाडौं | |
|---|---|
| **ऋणीको विवरण** | |
| १. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, बबरमहल काठमाण्डौमा प्रा.फ.र.नं ३५६६१/०५१ अन्तर्गत मिति २०५१/११/२९ मा दर्ता कायम भएको **हिमालयन हर्वस ट्रेडर्स**<br>फर्म दर्ता ठेगाना : का.म.न.पा -४, बालुवाटार, काठमाडौं<br>स्थायी लेखा नं. ५००२२०११३, मिति : २०७६/०८/०८<br>**प्रोपाईटर : श्रीमती लैकु लामा**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा अल्पकालिन कर्जा** | २. कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय हुम्लामा उद्योग दर्ता नं. १९२५/०७६/०७७ अन्तर्गत मिति २०७६/०५/०५ मा दर्ता कायम भएको **हिमालयन हर्वस**<br>उद्योग दर्ता ठेगाना : सिमकोट गा.पा -३, हुम्ला<br>स्थायी लेखा नं. ५००२२०११३, मिति : २०७६/०८/०८<br>**प्रोपाईटर : श्रीमती लैकु लामा**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा अल्पकालिन कर्जा** |
| **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| **श्रीमती लैकु लामा**<br>ना.प्र.नं. १३४५, जारी मिति : २०४८/०१/०४, जि.प्र.का. हुम्ला<br>बाबुको नाम : ताक्पा छोल्दान लामा<br>पतिको नाम : नर बहादुर लामा<br>ससुराको नाम : धने लामा<br>स्थायी ठेगाना : वरगाउ -५, हुम्ला<br>हालको ठेगाना : बुढानीलकण्ठ न.पा -५, काठमाडौं | **तेन्जिन डोमा लामा**<br>ना.प्र.नं. २७१५३६५/२२२२१<br>जारी मिति : २०६२/०२/२५ जि.प्र.का. काठमाडौं<br>बाबुको नाम : नर बहादुर लामा<br>बाजेको नाम : धने लामा<br>स्थायी ठेगाना : बिष्णु बुढानीलकण्ठ -३, काठमाडौं<br>हालको ठेगाना : बुढानीलकण्ठ न.पा -५, काठमाडौं |

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**कर्पोरेट कार्यालय: कमलादी, काठमाडौं**
**फोन नं.: ०१-५३२८६७१/५३२६३४७**
**ग्लोबल कनेक्ट: ०१-५९७०६००**


# काठमाडौंमा फुटपाथ र पार्किङ व्यवस्थापनलाई प्राथमिकता दिइने



**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले फुटपाथ र पार्किङ व्यवस्थापनलाई प्राथमिकता दिने भएको छ । बुधबार पत्रकार सम्मेलन गर्दै महानगरपालिकाका नगर प्रहरी प्रमुख विष्णुप्रसाद जोशीले यसबारे जानकारी गराएका हुन् ।

धुलो, धुवाँ, सार्वजनिक शौचालय, सार्वजिनक सम्पती संरक्षणका विषय, वर्कसपका विषयमा ध्यान केन्द्रित गर्न नगर प्रहरीलाई निर्देशन दिए । नगर प्रहरी प्रमुख जोशीले काम गर्न नआउने र शक्तिकेन्द्रमा धाउने बानी हटाउन पनि चेतावनी दिए । अहिले धेरै कुराहरू नियन्त्रणमा आइसकेकाले अब मनिटरिङ मात्रै गरे पुग्ने बताए। सबैसँग सभ्य र नरम भाषामामा बोल्न सुझाव दिए। उनले भने, 'शक्तिकेन्द्र धाउने काम कम गरौं। अहिले गर्ने क्रियाकलापमा फोकस हौं। फुटपाथ पार्किङमा एकदम फोकस हुनुपर्नेछ। धुलो, धुवाँ, सार्वजनिक शौचालय, सार्वजिनक सम्पती संरक्षणका विषय, वर्कसपका विषयमा ध्यान दिनुपर्नेछ । धेरै कुरा नियन्त्रणमा आइसकेको छ, सुधार पनि भएको छ । अब यसलाई मनिटरिङ मात्रै गर्ने हो । फुटपाथ र पार्किङमा विशेष ध्यान दिऔं। बोल्दा मिठो बोल्नुस्। कसैलाई तँ नभन्नुस्। सबैसँग बोल्दा सम्मानजनक हिसावले बोल्नुस् । भाषा नरम हुनुपर्छ ।'

उनले सार्वजनिक स्थलमा धुम्रपान गर्न नदिन महानगर प्रहरीलाई निर्देशन दिए । विगतमा भएका सकारात्मक कामलाई निरन्तरता दिने पनि बताए ।


# निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँभनी मृतकका देहायकाहकवालाहरुले आवश्यक कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ ।

| सि. नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदाबीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १ | **दुर्ग ऐडी**<br>बाबु : ददी ऐडी<br>बाजे : कल्से ऐडी | कालिकोट जिल्ला, पचालझरना गा.पा. वडा नं ०४ (साविक राम्नाकोट गा.वि.स. वडा न ६, कालीकोट) | बचत खाता नं. ७४१००१७५००१५० | पचालझरना | २०८२/०८/१० | कालिकोट जिल्ला, पचालझरना गाँउपालिका वडा न ४ (साविक नानीकोट गा.वि.स. वडा न ३,) बस्ने दुर्पता बोहरा (पत्नी) |
| २ | **कर्ण बहादुर शाही**<br>बाबु : श्रीमान शाही<br>बाजे: : जक्ती शाही<br>पत्नि : गौरा देवी शाही | कालिकोट जिल्ला, पचालझरना गा.पा. वडा नं ०९ (साविक नानिकोट गा.वि.स. वडा न ८, कालीकोट) | बचत खाता नं. ०७४१००१७५०१६८७ | पचालझरना | २०८१/०९/१५ | कालिकोट जिल्ला पचालझरना गाँउपालिका वडा न ९ बस्ने मृतकको गौरा देवी शाही (पत्नी) |
| ३ | **प्रल्हाद थापा**<br>बाबु : लाल बहादुर थापा<br>बाजे : गजकेशर सिंह थापा | बागमती प्रदेश ललितपुर जिल्ला ललितपुर उ.म.न.पा वडा नं. १३ कुसुन्ती | बचत खाता नं. १४७१००१७५००३६० | गुसिङ्गाल | २०८२/०९/०७ | बागमती प्रदेश ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा वडा नं. १३ बस्ने प्रभव सिंह थापा (छोरा) |
| ४ | **चुम बहादुर सुनारी**<br>बुवा : नारदमुनी सुनारी<br>बाजे : रबि लाल सुनारी | स्थायी-:नवलपरासी,कोत्थर गा बि स वडा न ०१ हाल नवलपरासी, कावासोती नगर पालिका, वडा न ०३ | बचत खाता नं. १०११००१७५०३५३९ | दलदले | २०८२/०५/२८ | नवलपरासी जिल्ला, कावासोती नगरपालिका, वडा न ०३ बस्ने गोमती सुनारी (श्रीमति) |
| ५ | **निर्मला न्यौपाने**<br>बाबु : बिजुलिकान्त पौडेल<br>पति : अच्युत प्रसाद न्यौपाने | बाग्मति प्रदेश, भक्पुर जिल्ला, चाँगुनारायण नगरपालिका, वडा नं. ३ | बचत खाता नं. १८५१००१७५०३२६९ | सल्लाघारी | २०८१/१०/१३ | हाल भक्तपुर नगर पालिका वडा नं ०५, बस्ने सुदिप न्यौपाने (छोरा) |
| ६ | **बुद्धिमान गुरुङ**<br>बाबु : दिर्घसिंह गुरुङ<br>बाजे : कंश मनि गुरुङ | बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, नयाबजार-१६, काठमाण्डौ, नेपाल | बचत खाता नं. ०१७१००१७५३०९६० | तीनधारा | २०८२/०९/०६ | बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, नयाँबजार १६, काठमाण्डौ बस्ने पुतल गुरुङ, (श्रीमती) |
| ७ | **जंग बहादुर रावत**<br>बाबु : भक्त बहादुर रावत<br>बाजे : धनपती रावत | जुम्ला जिल्ला, तिला गाउँपालिका वडा नं. ०६ | बचत खाता नं. ७२१००१७५००५९५ | तिला | २०८२/०३/२८ | जुम्ला जिल्ला, तिला गाउँपालिका वडा नं. ०६ बस्ने जसु रावत (श्रीमती) |
| ८ | **गोपाल के.सी.**<br>बाबु : नर बहादुर के.सी<br>बाजे : हरि प्रसाद के.सी | दाङ जिल्ला लमही नगरपालिका वडा नं ७ | बचत खाता नं. ६५१००१७५००९७५ | लमही | २०८२/०९/०७ | दाङ जिल्ला साबिक लमही वडा नं ७ बस्ने फुलहरी के.सी (श्रीमती) |
| ९ | **कमला थापा**<br>बाबु : रामजी कार्की<br>बाजे : दुर्गा बहादुर कार्की | ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २५ | बचत र चल्ती खाता नं. १७२१००१७५०३३१० र १७२०१०१७५००१०६ | भैंसेपाटी | २०८२/०४/२६ | ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २५ बस्ने राजेश थापा (छोरा) |
| १० | **मिना श्री राई**<br>बाबु : पदम बहादुर राई<br>बाजे : चुबक सींह राई<br>श्रीमान : गोपाल राई | खोटाङ जिल्ला, हलेसीतुवाचुङ नगरपालिका वडा नं. ०९ | बचत खाता नं. ३५१००१७५१५८४८ | चाबहिल | २०८२/०८/०२ | खोटाङ जिल्ला, हलेसीतुवाचुङ नगरपालिका वडा नं. ०९ बस्ने गोपाल राई (श्रीमान) |
| ११ | **देवलता क्षेत्री**<br>बाबु : दल बहादुर दाहाल<br>बाजे : भक्त बहादुर दाहाल | ललितपुर जिल्ला, ललितपुर महानगर पालिका, वडा नम्बर ४ | बचत खाता नं. ०८१००१००३६६०१ | ललितपुर | २०७७/११/०६ | ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नम्बर ४ बस्ने करूणा क्षेत्री (स्कारिया) र अरूणा क्षेत्री (बरनीयर) छोरीहरु |
| १२ | **बिन्दु बहादुर श्रेष्ठ**<br>बाबु : चन्द्र बहादुर श्रेष्ठ<br>बाजे : अरुण बहादुर श्रेष्ठ | ललितपुर जिल्ला, ललितपुर महानगर पालिका वडा नं १२ | बचत खाता नं: ०२१००१७५५७६६० | न्युरोड | २०८२/०८/१९ | ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं १२ बस्ने अनिर श्रेष्ठ (श्रीमती) |
| १३ | **राम प्रसाद राई**<br>बाबु : नैन सिंह राई<br>बाजे : दिल बहादुर राई | इलाम जिल्ला, इभाङ्ग गा.वि.स. वडा नं. ०४ | बचत खाता नं. २२१००१७५००७०६ | दमक | २०८२/०६/१५ | झापा जिल्ला शनिश्चरे गा.वि.स वडा नं. ०६, बस्ने दिपक राई (छोरा) |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# सार्वजनिक सम्पत्ति जलाउनेहरूलाई कारबाही हुनुपर्छ : ओली



**काठमाडौं/मस–** नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सार्वजनिक सम्पत्ति जलाउनेहरूलाई कारबाहीको दायरामा ल्याउने बताएका छन् । बुधबार गृह जिल्ला झापामा जेनजी आन्दोलनका क्रममा आगजनी, तोडफोड भएका संरचनाहरुको अवलोकन गर्दै अध्यक्ष ओलीले यस्तो बताएका हुन् ।

उनले सार्वजनिक सम्पत्ति, नगरपालिका, राजनीतिक कार्यकर्ताको घर जलाउनेहरू कानुनअनुसार दोषी रहेको बताए । अपराधिक गतिविधि गर्नेहरूलाई कारबाही हुनुपर्ने र अपराधलाई प्रोत्साहन गर्न नसकिने उनको भनाइ थियो । अपराध रोकेर शान्तिपूर्ण, बस्न लायकको देश बनाउनुपर्ने उनले बताए ।

उनले भने, 'राष्ट्रिय सम्पत्ति, सार्वजनिक सम्पत्ति, नगरपालिका, राजनीतिक कार्यकर्ताको घर, कार्यालय जलाउने कुरा अपराधिक गतिविधि हुन् । अपराधलाई प्रोत्साहन गर्न सकिँदैन । अपराध रोक्नुपर्छ । अपराध रोकेर शान्तिपूर्ण, बस्न लायकको देश बनाउनुपर्छ । कारबाहीको दायरामा ल्याउनुपर्छ । अरुको घर जलाएर छोडिदिन पाइन्छ ? अहिलेको सरकार सायद उनीहरूकै सरकार हो । त्यसकारण उनीहरूलाई जोगाउने काम गरेको छ ।'

अन्तरिम सरकार देश जलाउनेहरूकै भएकाले पनि अपराधीहरूलाई कारबाही नगरेको उनको जिकिर छ । आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अध्यक्ष ओली मनोनयन गर्न सोमबार मात्रै झापा गएका थिए । झाप-५ बाट आगामी निर्वाचनमा प्रतिस्पर्धा गर्ने गरी उनले मनोनयन गराएका छन् ।

## सशस्त्र प्रहरीको रजत महोत्सवमा पूर्व-पश्चिम झन्डा मार्च




**पश्चिम नवलपरासी/मस–** २५औं सशस्त्र प्रहरी दिवस-२०८२ (रजत महोत्सव) को अवसरमा आयोजना गरिएको पूर्व-पश्चिम झन्डा मार्च कार्यक्रम बुधबारदेखि पश्चिम नवलपरासीबाट औपचारिक रूपमा सुरु भएको छ । राष्ट्रिय एकता, सीमासुरक्षा र संगठनको गौरव झल्काउने उद्देश्यसहित सञ्चालन गरिएको यो कार्यक्रमले सीमावर्ती क्षेत्रमा सुरक्षा सचेतना अभिवृद्धि गर्ने लक्ष्य लिएको सशस्त्र प्रहरी बलले जनाएको छ ।

नेपाल-भारत सिमाना क्षेत्रअन्तर्गत पाल्हिनन्दन गाउँपालिका-६ स्थित पडरी कब्रस्थानको सहायक सीमा स्तम्भ नं. ५०९/१(१५) तथा रुपन्देही जिल्लाको रोहिणी गाउँपालिका-५, बरुवास्थित मुख्य सीमा स्तम्भ नं. ५१०(१६) बाट झन्डा हस्तान्तरण गरी कार्यक्रमको शुभारम्भ गरिएको हो ।

कार्यक्रमअनुसार सशस्त्र प्रहरी बल, नेपाल नं. २७ गण (हेडक्वाटर रुपन्देही) का गणपति मेखराज जोशीको कमाण्डमा खटिएको ३५ जनाको टोलीले सशस्त्र प्रहरी बल, नेपाल नं. २६ गण (हेडक्वाटर पश्चिम नवलपरासी) का गणपति सन्तोष रायमाझीको कमाण्डमा खटिएको ३५ जनाको टोलीलाई नेपालको राष्ट्रिय झन्डा र सशस्त्र प्रहरी बलको झन्डा हस्तान्तरण गरेको छ । झन्डा हस्तान्तरणसँगै झन्डा मार्च नवलपरासी जिल्लामा प्रवेश गर्दै औपचारिक रूपमा अघि बढेको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरीका अनुसार झन्डा मार्च कार्यक्रम जिल्लाका प्रमुख बजार, सीमावर्ती बस्ती तथा संवेदनशील नाकाहरू हुँदै अघि बढ्नेछ । मार्चका क्रममा स्थानीय समुदायसँग अन्तर्क्रिया, सुरक्षासम्बन्धी जनचेतना सन्देश प्रवाह तथा संगठनको भूमिका र योगदानबारे जानकारी गराइने कार्यक्रमसमेत समावेश गरिएको छ ।

रजत जयन्तीको उपलक्ष्यमा सञ्चालन भइरहेको यो पूर्व-पश्चिम झन्डा मार्च कार्यक्रम शुक्रबारसम्म लुम्बिनी प्रदेशबाट गण्डकी प्रदेशलाई हस्तान्तरण गरिनेछ । अन्ततः ठोरीस्थित बिओपीमा संगठन प्रमुखको उपस्थितिमा कार्यक्रम समापन गर्ने कार्यतालिका रहेको छ ।

झन्डा मार्च शुभारम्भ कार्यक्रममा पाल्हिनन्दन गाउँपालिका अध्यक्ष बैजु प्रसाद गुप्ता, रोहिणी गाउँपालिका अध्यक्ष विद्या प्रसाद यादव, भारतीय सशस्त्र सीमा बल (एसएसबी) २२ बटालियनका ए-कम्पनी कमाण्डर मयंक गुप्ता, स्थानीय जनप्रतिनिधि, सुरक्षाकर्मी तथा सञ्चारकर्मीहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

यसैबीच, झन्डा मार्च कार्यक्रममा आई.डी. नं. ३५०८ का सशस्त्र प्रहरी निरीक्षक सन्तोष थापाको कमाण्डमा ३५ जना जवान सहभागी रहेका छन् । सशस्त्र प्रहरी बल, नेपाल नं. २६ गण पश्चिम नवलपरासीका सूचना अधिकारी तथा नायब उपरीक्षक गोविन्द बहादुर केसीले झन्डा मार्चले संगठनप्रतिको जनविश्वास थप सुदृढ हुने र सीमासुरक्षामा सहकार्य अझ मजबुत हुने विश्वास व्यक्त गरेका छन् ।


## पूर्वाधार विकास कार्यालय
भरतपुर, चितवन

### बोलपत्र स्वीकृतिको आशयको सूचना

**प्रकाशित मितिः २०८२/१०/०८**

यस कार्यालयबाट मिति २०८२/०८/२४ गतेको सौर्य दैनिक बोलपत्र आवहानको सूचना प्रकाशन गरी EGP को माध्याम बाट मिति २०८२/०९/२५ गते १२:०० बजे भित्र दर्ता हुन आएका बोलपत्रहरू सोहि दिनको १:०० बजे खोली खोलिएका बोलपत्रहरूको मूल्याङ्कन गरी सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा (२) अनुसार तपशील बमोजिमका बोलपत्र स्वीकृतिको आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र | कबोल अङ्क (भ्याट समेत) रू |
|---|---|---|---|
| १ | IDO/CHT/W/NCB/20/082-83 | Amalachuli Nirman Sewa, Kalika Municipality-09, Chitwan | ८८,४२,९२५।०६ |
| २ | IDO/CHT/W/NCB/21/082-83 | J.K. Nirman Sewa, Jyotimaya Tole Ward No. 9, Jyotimaya Tole | ५२,५१,९३४।११ |
| ३ | IDO/CHT/W/NCB/22/082-83 | J Square Nirman Sewa Pvt. Ltd., Bharatpur-11 | ७९,२३,०९०।५४ |
| ४ | IDO/CHT/W/NCB/23/082-83 | Rivian Engineering Consultancy Suppliers & Construction Pvt Ltd, parbatipur, bharatpur 21, chitwan | ४५,०४,३३९।३३ |
| ५ | IDO/CHT/W/NCB/24/082-83 | Shreeyansi Nirman Sewa, Rapti-04 | ५७,७३,७२३।१३ |
| ६ | IDO/CHT/W/NCB/25/082-83 | S.B. construction, dailekh puranobazar | ३२,६९,४८८।०४ |

कार्यालय प्रमुख



### कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/१०/०८ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ माघ १५ गते विहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

#### निजगढ

**ऋणीको विवरण**

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा मिति २०७७/०६/०६ मा दर्ता नं. २४२६५१/०७७/०७८ कायम भई दर्ता रहेको रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **आँचल एण्ड आँशुतोष एग्रो प्रा.लि. ।**
**संञ्चालक - राकेश राय यादव**

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **कोसीला देवी**को नाममा मालपोत कार्यालय, चन्द्रनिगाहपुर रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ६५० र ७२३ को क्षे.फ. क्रमशः ०-०-४-० र ०-६-४-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

२. **रामचन्द्र राय**को नाममा मालपोत कार्यालय, चन्द्रनिगाहपुर रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, गम्हरिया विर्ता गा.वि.स./न.पा., वडा नं. ८ स्थित कित्ता नं. ३६६, २४१ र ६७१ को क्षे.फ. क्रमशः ०-६-०, १-१-१० र ०-१-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **राकेश राय यादव**
ना.प्र.नं.- ११८
जारी मिति - २०५९/०४/२९, जि.प्र.का. रौतहट
बाबु - रामचन्द्र राय
बाजे - झिगुर राय
स्थायी ठेगाना- रौतहट जिल्ला, गम्हरिया विर्ता गा.वि.स., वडा नं. ०७
हालको ठेगाना- रौतहट जिल्ला, वृन्दावन न.पा., वडा नं. ०८

२. **कोसीला देवी**
ना.प्र.नं.- ९४३०-१८१०,
जारी मिति - २०४५/२/३०, जि.प्र.का. रौतहट
बाबु - रामवरण राय
ससुरा - झिगुर राय
स्थायी ठेगाना- रौतहट जिल्ला, गम्हरिया विर्ता गा.वि.स., वडा नं. ०७
हालको ठेगाना- रौतहट जिल्ला, वृन्दावन न.पा., वडा नं. ०८

३. **रामचन्द्र राय**
ना.प्र.नं.- ९०९३
जारी मिति - २०४५/०२/२६, जि.प्र.का. रौतहट
बाबु - झिगुर राय
बाजे - विरा राय
स्थायी ठेगाना- रौतहट जिल्ला, गम्हरिया विर्ता गा.वि.स., वडा नं. ०७
हालको ठेगाना- रौतहट जिल्ला, वृन्दावन न.पा., वडा नं. ०८

४. **विणा कुमारी यादव**
ना.प्र.नं.- ३२२०७७/७०
जारी मिति - २०६८/१०/०२, जि.प्र.का. रौतहट
बाबु - त्रिभुवन राय यादव
बाजे - टुकमान राय
स्थायी ठेगाना- रौतहट जिल्ला, गम्हरिया विर्ता गा.वि.स., वडा नं. ०७
हालको ठेगाना- रौतहट जिल्ला, वृन्दावन न.पा., वडा नं. ०८

#### चन्द्रपुर, रौतहट

**१. ऋणीको विवरण**

१. **गीता (सापकोटा) अधिकारी**
ना.प्र.नं.- ३६४१२३५५
जारी मिति - २०६२/०७/२७, जि.प्र.का. सर्लाही
बाबु - हरि बहादुर सापकोटा
पति- नवराज अधिकारी
स्थायी ठेगाना- सर्लाही जिल्ला, हरिवन उ.म.न.पा/गा.वि.स. वडा नं. १

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **नवराज अधिकारी**
ना.प्र.नं.- ३६४११४०६
जारी मिति - २०५९/०६/१४, जि.प्र.का. सर्लाही
बाबु - हरि बहादुर अधिकारी
बाजे - खम्ब सिंङ्ग अधिकारी
पत्नि- गीता (सापकोटा) अधिकारी
स्थायी ठेगाना- सर्लाही जिल्ला, हरिवन उ.म.न.पा/गा.वि.स. वडा नं. १

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **गीता (सापकोटा) अधिकारी**को नाममा मालपोत कार्यालय, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा न. ९ स्थित कित्ता नं. ३०७ को क्षेत्रफल ०-८-१०-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**२. ऋणीको विवरण**

१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग, रौतहट गौरको कार्यालयमा मिति २०७४ श्रावण २६ मा दर्ता नं. ५३३६/८३ कायम भई रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० (साविक डुमरिया म. गा.वि.स वडा नं. ०३) स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री कृष्ण मनि ट्रान्सफर ।**
**प्रोप्राईटर : धर्मेन्द्र राय यादव**

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **धर्मेन्द्र राय यादव**को नाममा मालपोत कार्यालय, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, डुमरिया म. गा.वि.स वडा नं. ०९ स्थित कित्ता नं. १२१७ को क्षे.फ. ०-१-६-० (वि.क.धु.क.) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **मोती राम राय**
ना.प्र.नं.- ८२
जारी मिति -२०४४/१०/२१, जि.प्र.का. रौतहट
बाबु - लक्ष्मण राय यादव
बाजे - नथुनी राय
स्थायी ठेगाना- रौतहट जिल्ला, डुमरिया (म.) गा.वि.स/न.पा., वडा न. ९
हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं १०

२. **धर्मेन्द्र राय यादव**
ना.प्र.नं.- ३९२
जारी मिति -२०६२/०५/०६, जि.प्र.का. रौतहट
बाबु - मोती राम राय
बाजे - लक्ष्मण राय यादव
स्थायी ठेगाना- रौतहट जिल्ला, डुमरिया(म.) गा.वि.स/न.पा., वडा न. ९
हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं १०

३. **अन्जु यादव**
ना.प्र.नं.- ३२३०८२/१४५७
जारी मिति -२०५४/०१/१२, जि.प्र.का. रौतहट
बाबु - कृष्णनन्दन राय यादव
पति - धर्मेन्द्र राय यादव
स्थायी ठेगाना- रौतहट जिल्ला, डुमरिया(म.) गा.वि.स/न.पा., वडा न. ९
हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं १०

**३. ऋणीको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय, रौतहट गौरमा मिति २०७४/०४/२० मा दर्ता नं. ५३२१/६८ दर्ता कायम भई रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **पाण्डेय ट्रेडर्स ।**
**प्रोप्राइटर- राम विनोद पाण्डेय बाहुन**

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **राम विनोद पाण्डे बाहुन**को नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. ०७ स्थित कित्ता नं. २८८६ को क्षे.फ. ०-०-९-८ (वि.क.धु.क.) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१. **राम विनोद पाण्डेय बाहुन**
ना.प्र.नं.- १९४०
जारी मिति - २०४२/१२/०८, जि.प्र.का. रौतहट
बाबु - चण्देश्वर पाण्डेय बाहुन
बाजे - राम विलास पाण्डे
स्थायी ठेगाना- रौतहट जिल्ला, भलोहिया गा.वि.स वडा नं. ०३
हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४

२. **अनिज पाण्डेय**
ना.प्र.नं.- ३२१०१६/४५५६
जारी मिति - २०६७/०३/१२, जि.प्र.का. रौतहट
बाबु - राम विनोद पाण्डेय
बाजे - चण्देश्वर पाण्डेय बाहुन
स्थायी ठेगाना- रौतहट जिल्ला, भलोहिया गा.वि.स वडा नं. ०३
हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४

३. **अस्मिता थापा**
ना.प्र.नं.- ३२२०८०/८०६,
जारी मिति - २०६९/०३/१७, जि.प्र.का. रौतहट
बाबु - दिलिप थापा
बाजे - विष्णु बहादुर थापा
पति- अनिज पाण्डेय
स्थायी ठेगाना- रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स वडा नं. ०१
हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८२ माघ १४ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितीले ८ औं दिन अर्थात मिति २०८२ माघ १५ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८२ माघ १५ गते विहीबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

# रुकुम पश्चिममा उम्मेदवारको साझा प्रतिबद्धता



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ७ माघ

रुकुम पश्चिमका विभिन्न राजनीतिक दलका उम्मेदवारहरूले आगामी निर्वाचनलाई भयरहित, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्ने साझा प्रतिबद्धता जनाएका छन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले बुधबार मुसिकोटमा आयोजना गरेको निर्वाचन आचार संहिता तथा अनुगमनसम्बन्धी बैठकमा सहभागी हुँदै उम्मेदवारहरूले यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन् ।

बैठकमा निर्वाचन आयोगबाट स्वीकृत निर्वाचन आचार संहिता २०८२ अनुसार निर्वाचनलाई पारदर्शी र निष्पक्ष बनाउन सबै राजनीतिक दल तथा उम्मेदवार सचेत हुनुपर्ने निष्कर्ष निकालिएको थियो । विगतका निर्वाचनमा देखिएका कमी-कमजोरीलाई आत्मसात गर्दै यसपटकको निर्वाचनलाई थप जिम्मेवार ढंगले सम्पन्न गर्नुपर्नेमा उम्मेदवारहरू एकमत देखिएका छन् ।

निर्वाचन आचार संहितासम्बन्धी अन्तरक्रिया तथा छलफलका क्रममा सहभागी उम्मेदवार र दलका प्रतिनिधिहरूले यसपटकको निर्वाचन सरल, सहज र विवादरहित बनाइनुपर्ने बताएका छन् । त्यसका लागि राजनीतिक दल र उम्मेदवारहरूले नै निर्वाचन आचार संहिताको पूर्ण रूपमा पालना गर्नुपर्नेमा जोड दिइएको छ ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रुकुम पश्चिमबाट प्रत्यक्षतर्फ १२ जनाको उम्मेदवारी परेको छ । सोही सन्दर्भमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले राजनीतिक दलका प्रतिनिधि तथा उम्मेदवारहरूलाई सहभागी गराई निर्वाचन आचार संहिता र अनुगमनसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो ।

# रौतहटमा तीन भारतीय सवारीसाधन नियन्त्रणमा



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ७ माघ

रौतहट प्रहरीले शंकास्पद अवस्थामा फेला परेका तीनवटा भारतीय नम्बर प्लेटका सवारी साधन नियन्त्रणमा लिएर आवश्यक कारवाहीका लागि भन्सार कार्यालयमा बुझाएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटले जिल्लाका विभिन्न स्थानमा सञ्चालन गरेको नियमित चेकजाँच तथा गस्तीका क्रममा ती सवारी साधन नियन्त्रणमा लिएको हो । प्रहरीले नियन्त्रणमा लिएका सवारी साधनमा डिएल ४ सिएन बी ४३३५ नम्बरको स्कार्पियो, बिआर ०६ सि एल ६५४० नम्बरको मारुती सुजुकी कार र डिएल ८ सीएसी ३०३९ नम्बरको स्पोर्ट्स कार रहेका छन् ।

प्रहरीका अनुसार ती सवारी साधनहरू आवश्यक कागजातविनै सञ्चालनमा रहेको र अवस्था शंकास्पद देखिएपछि थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय ल्याइएको थियो । प्रारम्भिक अनुसन्धानपछि कानुनी प्रक्रिया अघि बढाउन गौर भन्सार कार्यालय, रौतहटमा बुझाइएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक विष्णु प्रदीप बस्यालका अनुसार सीमावर्ती क्षेत्रमा हुने अवैध गतिविधि र भन्सार छलिल नियन्त्रण गर्न प्रहरीले निगरानी बढाएको छ । स्रोत र बैधानिकता नखुलेका सवारी साधनलाई नियन्त्रणमा लिइएको उनले बताए । पछिल्लो समय रौतहट प्रहरीले अवैध चोरी-पैठारी तथा तस्करी नियन्त्रणका लागि जिल्लाका विभिन्न नाका र ग्रामीण सडकखण्डमा सुरक्षा सतर्कता र निगरानी तीव्र बनाउँदै आएको छ ।

# कुमाल बस्तीमा खानेपानी समस्या

**भोजपुर/मस-** षडानन्द नगरपालिका-६ मोथेटारस्थित कुमाल बस्ती स्वच्छ पिउने पानीको अभावमा काकाकुल बनेको छ । लामो समयदेखि बस्तीका ५० परिवार पानीको समस्याले पीडित भएका हुन् ।

पानी अभावका कारण स्थानीयलाई बिहानबेलुका पानीको जोहो गर्न घण्टौं खर्चिनुपर्ने बाध्यता छ भने पर्याप्त पानी नहुँदा सरसफाइ र स्वास्थ्यमासमेत असर परेको छ । बस्तीका कृष्णबहादुर कुमालका अनुसार पानीका लागि धेरै समय बिताउनु परेकाले कृषि, मजदुरीलगायत अन्य काम प्रभावित भएको छ । हिउँदमा समस्या अझ बढी हुने गरेको छ । पानीको अभावमा महिला, बालबालिका र वृद्धवृद्धालाई बढी प्रभावित भएका छन् ।

कुमाल बस्तीको समस्या समाधानको प्रयासमा आफूहरू क्रियाशील रहेको षडानन्द नगरपालिका-६ का वडाध्यक्ष सुमन बिसुन्केले बताए । त्यहाँ पानी व्यवस्थापनका लागि रु सात लाख ५० हजार बजेट विनियोजन भएको जानकारी उनले दिए ।


## काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

**पहिलो पटक प्रकाशन मिति २०८२/१०/०८**

यस जनकल्याण सामुदायिक वन उपभोक्ता समूह बारबर्दिया न. पा. ०९, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा रहेको विभिन्न प्रजाती र ग्रेडको गोलिया थान २०७३ को ३३३६.७७ घ.फि. काठ रदाउरा चट्टा ५ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमतिप्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सुचना यस समुहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जनकल्याण सामुदायिक वन उपभोक्ता समुह,**
**बारबर्दिया न.पा. ९ बनगाई, बर्दिया ।**



## कुवेतमा रोजगार

कम्पनी: FAST LINE COMPANY FOR THE DELIVERY OF CONSUMER ORDERS — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०७/०२ — चलानी नं.: ६०२४६३७७ — L.T. No.: 332710 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 15 | 0 | स. काममा दक्ष | 140 | ६६,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १५ गते (29 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**OMAMA MANPOWER PVT. LTD.** Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9820492083, Whatsapp : 9820492083, 9801054682, 9805945922.
E-mail: omamamanpower@gmail.com, URL : www.omamamanpower.com



## मलेसियामा रोजगार

कम्पनी: CISCO SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/१०/०६ — चलानी नं.: ६०२५०८८८ — L.T. No.:337333

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 150 | 0 | स. काममा दक्ष | 1700 | ६०,९११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १५ गते (29 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Janashakti International Services Pvt. Ltd.** Gov. Lic. No. 999/068/69
Basundhara-3, Kathmandu, Nepal, Tel.: +977-1-4964020, Mobile : 9841127124, 9851093031, 9801107472, 9846736793, 9851197061, 9844661381, 9709052037, 9709092089, 9860217740, 9700004897, 9700004895 Jhapa Branch 023591265, 9815005930, Pokhara Branch No: 9846702764. Email: info@jisnepal.com, Website: www.janashaktiintl.com



## युएईमा रोजगार

कम्पनी : AL MAWARID ALTHAKI RECRUITMENT COMPANY — शहर: UAE, DUBAI
पूर्व स्वीकृत मिति: २०८२/१०/०७ — चलानी नं.: ६०२५०९३४ — L.T. No.: 337033

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bricklayer/ Mason | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician. | 15 | 0 | | 1500 | ५९,३२५ | | | | | | | |
| 3. | Labour | 120 | 0 | | 1000 | ३९,५५० | | | | | | | |
| 4. | Steel Fixer/barbender | 15 | 0 | | 1500 | ५९,३२५ | | | | | | | |
| 5. | Welder (Tig/mig/spot) | 5 | 0 | | 1500 | ५९,३२५ | | | | | | | |

कम्पनी : GUARDFORCE SECURITY SERVICES — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/१०/०७ — चलानी नं.: ६०२५०९३५ — L.T. No.: 337118

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1200 | ४७,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : WATERLESS CLEANING SERVICES LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०९/२८ — चलानी नं.: ६०२५०९३७ — L.T. No.: 337024

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carwash Auto | 8 | 0 | स. काममा दक्ष | 1000 | ३९,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : WATERLESS CLEANING SERVICES LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०९/२८ — चलानी नं.: ६०२५०९३६ — L.T. No.: 337023

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carwash Auto | 8 | 0 | स. काममा दक्ष | 1000 | ३९,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १५ गते (29 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**High Quality Overseas Pvt.Ltd.** License No.: 1269/074/75
Samakhushi, Town Planning, Kathmandu, Tel.: 01-4984853 | 4957168 | 981-5127328 | 985-1206728,
Janakpur : 9817889831 | 9826869372 | 9814884745, Email: hiqualitynepal@gmail.com



## कतारमा रोजगार

कम्पनी: EASTERN RISE FACILITY MANAGEMENT & SERVICES — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/१०/०६ — चलानी नं.: ६०२५०८६५ — L.T. No.:337123

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 2 | 2 | सम्बन्धित काममा दक्ष | 1000 | ३९८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 2 | 0 | | 1000 | ३९८६० | | | | | | | |
| 3. | Supervisor | 0 | 2 | | 2500 | ९९६५० | | | | | | | |
| 4. | Waiter | 0 | 2 | | 1400 | ५५८०४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १५ गते (29 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Mashareq International Overseas (P) Ltd.** Govt. Lic No. 415/060/61
सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ०१- ४४९९७६३, ४४७८३३५, ९८५१०९०२७३



## ओमनमा रोजगार

कम्पनी : FOUR BUTTERFLIES TRADE — शहर: OMAN
पूर्व स्वीकृत मिति : २०८२/१०/०६ — चलानी नं.: ६०२५०८९३ — LT. No.: 337278

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
